# तरुण तपसीमा प्रकृतिचित्रण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह चौथो सत्रको पाठ्यांश सङ्केत ४८३ को आवश्यकताको परिपूर्तिको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता

राजेन्द्रकुमार रिजाल

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

शैक्षिक सत्र : २०७१/०७३

क्रमाङ्क : १४

२०७७

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

# स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको शैक्षिक सत्र २०७१/७२ का विद्यार्थी राजेन्द्रकुमार रिजालले स्नातकोत्तर (एम. ए) नेपाली विषयको चौथो सत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **तरुण तपसीमा प्रकृति-चित्रण** शीर्षकको शोध मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

१. प्रा. डा. कृष्णप्रसाद घिमिरे

(विभागीय प्रमुख)

२. प्रा. डा. महादेव अवस्थी

(शोधनिर्देशक)

३. प्रा. डा. ताराकान्त पाण्डेय

(बाह्य परीक्षक)

मिति: २०७७/१०/१८

## सिफारिस पत्र

नेपाली एम.ए.चौंथो सत्रका विद्यार्थी श्री राजेन्द्रकुमार रिजालले **तरुण तपसीमा प्रकृतिचित्रण**शीर्षकको प्रस्तुत शोध मेरो निर्देशनमा सम्पन्न गर्नुभएको हो । उहाँको यो शोध सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७७/१०/५

प्रा.डा.महादेव अवस्थी

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

## कृतज्ञताज्ञापन

**तरुण तपसी नव्यकाव्यमा प्रकृतिचित्रण** शीर्षकको प्रस्तुत शोध मैले आदरणीय **गुरु प्रा.डा.महादेव अवस्थी**ज्यूका निर्देशनमा तयार पारेको हुँ । प्रस्तुत शोधपत्रको लेखनका क्रममा प्रकृति चित्रणसँग सम्बद्ध स्वरूप र पद्धतिका साथै सैद्धान्तिक सुझाव दिई यस रूपमा ल्याउन मार्गनिर्देशन दिनु हुने आदरणीय शोधनिर्देशक गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग तथा विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा.कृष्णप्रसाद घिमिरेज्यूप्रति म कृतज्ञ छु र सिङ्गो नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधकालागि आवश्यक सामग्री उपलब्ध गराईदिने त्रि.वि.केन्द्रीय पुस्तकालय कीर्तिपुरप्रति म आभार व्यक्त गर्दछु ।

मेरो उच्च शिक्षाका निम्ति हर तरहले प्रेरणा, सहयोग र शुभकामना प्रदान गर्नु हुने पिता इन्द्रलाल रिजाल, आमा विष्णुमाया रिजालप्रति म आभारी छु । यस शोध पत्रको टङ्कनमा सहयोग गर्ने मेरी श्रीमती सीता रिजाल तथा दाजु कमल र भाउजू शारदा भट्टराई, मित्र हेमप्रसाद रिजालप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा **तरुण तपसी नव्यकाव्यमा प्रकृतिचित्रण** शीर्षकको प्रस्तुत शोध आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

मिति : २०७७/१०/४

राजेन्द्रकुमार रिजाल

शैक्षिक सत्र : २०७१, २०७३

त्रि. वि. दर्ता नं. ६-३-२८-१५२-२०१४

एम.ए.चौंथो सत्र

क्रमाङ्क : १४

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# विषयसूची


| | पृष्ठ |
|---|---|
| स्वीकृति- पत्र | क |
| सिफारिस पत्र | ख |
| कृतज्ञताज्ञापन | ग |
| **पहिलो अध्याय शोधको परिचय** | |
| १.१ विषय परिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधकोउद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको औचित्य | ६ |
| १.६शोधविधि | ६ |
| १.६.१ सामग्री सङ्कलन विधि | ६ |
| १.६.२ विश्लेषण विधि | ७ |
| १.७ शोधको सीमाङ्कन | ७ |
| १.८ शोधपत्रको रूपरेखा | ७ |
| **दोस्रो अध्याय** | |
| ***'तरुण तपसी'* मा प्रकृतिचित्रणका पद्धति** | |
| २.१ विषय परिचय | ९ |
| २.२ प्रकृतिको विविध रसात्मक स्वरूपको चित्रण | १० |
| २.३ रसको आलम्बनका रूपमा प्रकृतिचित्रण | २५ |
| २.४ निष्कर्ष | २६ |

## तेस्रो अध्याय

## *'तरुण तपसि'* मा प्रकृतिको इन्द्रिय संवेद्य चित्रण


| | |
|---|---|
| ३.१ विषय परिचय | २८ |
| ३.२ प्रकृतिको वस्तुपरक चित्रण | २८ |
| ३.३ प्रकृतिको स्पर्श संवेद्यता | ३० |
| ३.४ प्रकृतिको ध्वनिसंवेद्य चित्रण | ३२ |
| ३.५ प्रकृतिको दृश्य संवेद्य चित्रण | ३४ |
| ३.६ प्रकृतिको गन्ध संवेद्य चित्रण | ३६ |
| ३.७ प्रकृतिको स्वाद संवेद्य चित्रण | २७ |
| ३.८ प्रकृतिको मानवीकरण | ३८ |
| ३.९ प्रकृतिको विम्बात्मक चित्रण | ४१ |
| ३.१० प्रकृतिको प्रतीकात्मक योजना | ४४ |
| ३.११ प्रकृति चित्रणका रूपमा अलङ्कार | ४५ |
| ३.१२ निष्कर्ष | ५० |


## चौथो अध्याय

## *'तरुण तपसी'* माप्रकृतिप्रतिको दृष्टिकोण


| | |
|---|---|
| ४.१ विषय परिचय | ५२ |
| ४.२ ज्ञानको स्रोतको रूपमा प्रकृति | ५२ |
| ४.३ मानवीय रूपमा प्रकृति | ५५ |
| ४.४ ईश्वरको रूपमा प्रकृति | ४७ |
| ४.५ साङ्ख्य दर्शनका अनुरूपमा प्रकृति | ५९ |
| ४.६ सम्पन्नताको स्रोतका रूपमा प्रकृति | ६१ |
| ४.७निष्कर्ष | ६३ |

## पाँचौं अध्याय

## शोध निष्कर्ष


| | |
|---|---|
| ५.१. सारांश | ६५ |
| ५.२ निष्कर्ष | ६५ |
| ५.३ मुख्य निष्कर्ष | ७० |
| सन्दर्भ सामग्रीसूची | ७१ |

# पहिलो अध्याय

# शोधपरिचय

## १.१ विषयपरिचय

**तरुण तपसी** नव्यकाव्य आधुनिक नेपाली काव्य साहित्यमा परिष्कारवादी भावधाराका प्रतिभा लेखनाथ पौड्याल १९४१-२०२२ ले रचना गरेको सुपरिचित नव्यकाव्य हो । यो काव्य वि. स.२०१०सालमा प्रकाशित भएको पाइन्छ । यस काव्यले नेपालीसाहित्यमा प्रकृति काव्यको दर्विलो ठाउँ पाएको छ। नव्यकाव्यका बारेमा विभिन्न पूर्व अध्ययनहरू भएकाछन् र तिनले यस काव्यको महत्वपूर्ण विशेषता प्रकृतिचित्रण हो भन्ने सङ्केत गरेका छन् । यसमा प्रकृतिको जे जस्तो चित्रण गरिएको छ त्यो साहित्यिक शोधको विषयका रूपमा अध्ययनीय भएकाले नै यस शोधको मुख्य विषय '**तरुण तपसी' मा**प्रकृति-चित्रणको स्थितिलाई बनाइएको छ। यस नव्यकाव्यका बारेमा विविध किसिमबाट अध्ययन भएको पाइन्छ। यस नव्यकाव्यको प्रकृति चित्रणका सम्बन्धमा चर्चा गरिएको पाइए पनि शोधमूलक अध्ययन भएको पाइँदैन तसर्थ प्रस्तुत शोध **तरुण तपसी नव्यकाव्यमा** प्रयुक्त प्रकृति चित्रणमा केन्द्रित रहेको छ।

नव्यकाव्य कविता विधाको एक प्रकार हो। कविताको लघु र मध्यम रूप मध्येको अन्तिम बृहत् रूपसँग सम्बन्धित स्वरूप नै नव्यकाव्य हो । यसले मध्यम र बृहत्कै दोसाधलाई ओगटेको पाइन्छ । यसमा प्रकृति जीवन मानवको परापूर्व समय हुँदै वर्तमानसम्मको यात्रालाई विषयवस्तु बनाइएको छ । मानव हित प्रकृतिमा समानता असमानताहुँदै हरित क्रान्तिको वैचारिक चेतना प्रस्तुत भएको छ। लेखनाथ **तरुण तपसीमा** जीवन जगत्सँग सम्बन्धित प्रकृति परक विविध विषयवस्तुको प्रस्तुति गर्दछन् । महाकाव्यकै निकटमा प्रस्तुत हुने यस काव्यले प्रकृतिका विविध रूपको चित्रण गरिएको पाइन्छ। प्रकृति र साहित्य एक अर्कामा अन्तर्सम्बन्धित रहेका छन् । साहित्य सिर्जनामा प्रकृतिको प्रभाव अवश्य पर्दछ । लेखनाथका काव्यहरूमा प्रकृति चित्रण गरिएको पाइन्छ। प्रकृति मानवले निर्माण गरेको विषयवस्तु नभएर स्वनिर्मित विषयवस्तु हो। संसार चराचर जगत्मा रहेका दृश्य अदृश्य शक्तिलाई प्रकृतिका रूपमा लिइएको पाइन्छ। प्रकृतिका व्यक्त अव्यक्त, गोचर, अगोचर, जैविक पदार्थ र यान्त्रिक प्रकारहरू रहेका छन् । जैविक प्रकृतिमा प्राणी र

वनस्पतिहरू पर्दछन् । पदार्थमा आधारित प्रकृतिमा भौतिक पदार्थ ढुङ्गा, माटो, पानी पर्दछन् । यान्त्रिक प्रकृतिका रूपमा विभिन्न देशकाल, जड, गति, गुरूत्वाकर्षणलाई लिएको पाइन्छ । विश्व ब्रहाण्ड नै प्रकृति हो । यसका विविध विधि विधानहरू रहेका छन् । प्रकृतिलाई व्यक्त र अव्यक्त रूपमा हेरिएको पाइन्छ । व्यक्त प्रकृतिका रूपमा अदृश्यमान शक्तिलाई लिइएको पाइन्छ । व्यक्त प्रकृतिका रूपमा दृश्यमान जगत्लाई लिएको पाइन्छ । मानव निर्मित कृत्रिम कुराहरू बाहेक सम्पूर्ण चराचर सृष्टि प्रकृति हो । जीवनजगत् प्रत्येकका कार्य, घटनामा प्रकृतिको भूमिका रहेको हुन्छ । प्रकृतिलाई सर्वशक्ति सम्पन्न र सौन्दर्य खानीको रूपमा हेरिएको पाइन्छ । कलासाहित्य र दर्शनको उत्पादक प्रकृतिलाई नै मानिन्छ । मानव प्रकृतिमै जन्मन्छ र प्रकृतिकै काखमा विलिन हुन्छ । प्रकृतिबाटै उसको पालन पोषण हुन्छ । यसैबाट उसले सहभाव र सहानुभूति पाउँछ । त्यसैले प्रकृति र मानवका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । प्रकृतिभन्दा पर मानव कहिल्यै जान सक्दैन । मानवले प्रकृतिसँग आफ्नो मृदु भावहरूको सहज सम्बन्ध स्थापित गर्दछ । प्रकृतिको सुन्दरता, दिव्यता, अखण्डता आदि पक्षबाट उसले परमानन्दको अनुभूति प्राप्त गर्दछ । उसले आफ्ना अनुभूतिलाई प्रकृतिका माध्यमबाट व्यक्त गर्दछ । प्रकृतिको सौन्दर्यको वर्णन प्रकृति र मानवको सन्निकटता नैतिकता र आध्यात्मिक चेतनाको विकास, आत्मिकचेतनाको विकास, विश्वकल्याणको भावना जगाउनु जस्ता उद्देश्य लिई साहित्मा प्रकृति चित्रण गरिएको हुन्छ । साहित्यमा प्रकृतिलाई वस्तुपरक, आत्मपरक, प्रकृतिको मानवीकरण, प्रकृतिको इन्द्रिय सवेद्य चित्रण, आलम्बन र उद्दीपनका रूपमा, विम्ब, प्रतीक तथा अलङ्कारका रूपमा मानवीकृत रूपमा प्रयोग गरिएको पाइन्छ । साहित्यमा प्रकृतिलाई वर्णनात्मक चित्रात्मक र चमत्कारिक शैलीका माध्यमबाट पनि प्रस्तुत गरिएको पाइन्छ । यिनै कुराका सन्दर्भमा कवि लेखनाथ पौड्यालको **तरुण तपसी नव्यकाव्यमा प्रयुक्त प्रकृति चित्रणको** अध्ययनको लागि नै यो शोध गरिएको हो ।

## १.२ समस्याकथन

**तरुण तपसी** नव्यकाव्यमा गरिएको प्रकृति चित्रण अनुसन्धेय विषय हो । यसका स्रष्टा परिष्कारवादी कवि भएकाले उनको नव्यकाव्यात्मक प्रकृति चित्रण सम्यम् र बौद्धिक चिन्तनले युक्त पद्धति दृष्टिकोण र स्वरूप अनुरूप हुन सक्छन् । त्यसैले तरूण तपसी नव्यकाव्यमा प्रकृति चित्रणका स्वरूप, पद्धति र दृष्टिकोण के कस्तो रहेको छ भन्ने

कुरालाईमूल समस्या बनाएर यो शोध कार्य गरिएको छ । प्रस्तुत शोधको मूल समस्यालाई यसरी स्पष्ट पारिएको छ ।

(क) **तरुण तपसी** नव्यकाव्यमा प्रकृतिका के कस्ता रसात्मक स्वरूपको चित्रण गरिएको छ ?

(ख) **तरुण तपसी** नव्यकाव्यमा प्रकृतिचित्रणका के कस्ता पद्धतिको उपयोग गरिएको छ ?

(ग) **तरुण तपसी** नव्यकाव्यमाप्रकृतिप्रति के कस्तो दृष्टिकोण व्यक्त भएको छ ?

## १.३ शोधको उद्देश्य

लेखनाथ पौड्यालको **तरुण तपसी** नव्यकाव्यमा प्रकृतिचित्रणका विविध पक्षहरूको अन्वेषण गर्नु यो शोधको मुख्य उद्देश्य हो । यी उद्देश्यहरूलाई निम्नलिखित बुँदाहरूमा स्पष्ट पारिएको छ ।

(क) **तरुण तपसी** नव्यकाव्यमा प्रकृतिचित्रणका स्वरूपहरूको अन्वेषण गर्नु

(ख) **तरुण तपसी** नव्यकाव्यमा प्रकृतिचित्रणको पद्धतिको उपयोगका बारेमा विश्लेषण गर्नु

(ग) **तरुण तपसी** नव्यकाव्यमा प्रकृतिप्रतिको दृष्टिकोण पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

लेखनाथ पौड्यालका कविता खण्डकाव्य तथा नव्यकाव्य प्रकाशित भएका छन् । उनका विविध साहित्यिक कृतिहरूका बारेमा अध्ययन अनुसन्धान भए पनि **तरुण तपसी** नव्यकाव्यमा प्रकृति चित्रण सम्बन्धी अनुसन्धानमूलक कार्य भएको पाइँदैन । प्रस्तुत शोधमा **तरुण तपसी** नव्यकाव्यमा प्रकृति चित्रणको अध्ययन गरिने हुँदा उनको यस काव्यका बारेमा विभिन्न विद्वानहरूबाट हालसम्म गरिएको विवरणलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

बालकृष्ण सम (२०२१) ले**तरुण तपसी**भूमिकामा तरुण तपसीले एउटा वृक्षको रोदनलाई मात्र बुझ्केको छैन उसले समस्त मानव जातिको आस्था, अहंकारलाई प्रस्तुत गरेको छ भनेका छन् ।

उत्तम कुँवरले **स्रष्टा साहित्य** (२०२३) नामक पुस्तकमा लेखनाथले उत्तम कुँवरसँग गरेको अन्तर्वार्ताका क्रममा आफ्ना सबै रचना राम्रा लागे तापनि पूर्ण सन्तुष्टि प्राप्त गर्न

सकेको छैन भन्दछन् । केही सन्तुष्टिको अनुभव प्राप्त गर्ने स्थान **तरुण तपसी**नव्यकाव्यमा पाएको अनुभव उनी व्यक्त गर्दछन् ।

कृष्णप्रसाद पराजुलीले**पन्ध्रतारा र नेपाली साहित्य** (२०२४) नामक पुस्तकमा लेखनाथले रचना गरेको **तरुण तपसी** नव्यकाव्य हो भनेर यसमा रूखलाई तरूण तपसीका रूपमा उभ्याइएको कथन गरेका छन् । अभिव्यक्ति र शैली अत्यन्त परिपुष्ट ढङ्गमा रचिएकाले यो काव्य प्रकृति चित्रणको सुन्दर नमुना हो भनेर उल्लेख गरेका छन् ।

चूडानाथ भट्टराईले **साझा समालोचा** (२०२५) नामक कृतिमा **तरुण तपसी मीमांसा** नामक लेखमा **तरुण तपसीमा** कविको प्रकृतिचित्रणको पूर्णता पाइन्छ भनेका छन् । प्रवाहमय वेग र वेगमा अस्थिरता, कल्पनामा कविता र कवितामा प्रतिभा लुकामारी खलेका छन् भनेर टिप्पणी गर्दछन् ।

वासुदेव त्रिपाठीले **सिंहावलोकन** (२०२७) समालोचनात्मक तरूण तपसीको सेरोफेरोका लेखनाथ नामकलेखमा **तरुण तपसी** प्राकृतिक जीवनको पनि प्रतीक हो र कविको विश्वबोध **तरुण तपसी**को विश्वात्मामा प्रतिविम्बित हुन्छ । **तरुण तपसी** विश्वजीवनकै प्राकृतिक वाणी हो भनेर उल्लेख गरेका छन् ।

राममणि रिसालले **नेपाली काव्य र कवि** (२०३१) नामक पुस्तकमा **तरुण तपसी नव्यकाव्यका** एकएक कविता मनोवृत्तिहरूका प्रत्येक कुनाकाप्चामा चहार्दछन् र समस्त भावगत तत्त्वलाई छामेर बाहिर प्रकट हुन्छन् त्यसकारणत्र लेखनाथ प्रकृतिचित्रणका सफल चित्रकार हुन् भनि उल्लेख गरेकाछन् ।

वासुदेव त्रिपाठीले **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन** ( २०३४) अनुसन्धानात्मक कृतिमा तरूण तपसीले प्राकृतिक सभ्यताको करूण महिमा गाएको छ । मानव तपसीको जीवन गाथा पनि प्रकृतिको परिप्रेक्ष्यमा नै प्रस्तुत भएको छ भनि उल्लेख गरेको पाइन्छ ।

केशवप्रसाद उपाध्यायले **तरुण तपसीको पुनर्मूल्याङ्कन** (२०३४) नामक कृतिमा प्रकृतिलाई केन्द्र बनाएर लेखिएको हुँदा यसमा प्रकृतिका नानाविध दृश्य र तत्त्वहरूको भव्य

मनोहर वर्णन छ । आलम्बन र उद्दीपनका रूपमा प्रकृतिका उदात्तस्वरूपको प्रस्तुति पाइन्छ भनेर चर्चा गरेको पाइन्छ ।

महादेव अवस्थीले **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** (२०६७) नामक पुस्तकमा यस काव्यलाई मूलतः तरुको जीवन गाथा मान्दा यसको केन्द्रीय विषय प्रकृति नै हो साथै मानव-सभ्यताको विकास क्रममा भएको वन जङ्गल विनाशको प्रकृति गाथा नै तरूण तपसी हो भनेका छन् । यसमा तरुलाई नै मानव तपसीका जस्तो व्यक्तित्व दिइएबाट प्रकृतिको व्यक्तिविधान मुख्य विशेषता हो भनेर समीक्षात्मक टिप्पणी गरेको पाइन्छ ।

**तरुण तपसी** नव्यकाव्यका बारेमा विभिन्न समालोचक अन्वेषकहरूले आ-आफ्ना धारणा प्रस्तुत गरेको छन् । प्रकृतिको निकटतामा मानव रहँदा माधुर्य प्राप्त गर्ने मानवको पौरुषतामा प्रकृति लावण्यवती भई मुस्कुराउने, जूनमा प्रकृतिको चमक हेर्ने, पवनमा प्रकृतिको स्पर्श लिने र वनमा उसको कालो केश छरिएको पाउने आदि कुराको टिप्पणी गरेको पाइन्छ । लेखनाथलाई प्रकृति प्रेमी कविका रूपमा उल्लेख गर्दै प्रकृतिसँग खेल्न चाहने रम्ने, सबैलाई प्राकृतिक सन्देश प्रसारण गर्ने निपुण कविका रूपमा लिएको पाइन्छ । प्रकृतिलाई शक्ति, सत्यता र ईश्वरीय सत्ताको रूपमा विश्वास गर्ने प्राकृतिक जीवनको चयनमा सफल लेखनाथले प्रकृतिका स्वच्छता, सरलता, उच्चताको ग्रहण गरेको कुरालाई व्यक्त गरिएको पाइन्छ । लेखनाथले प्रकृतिलाई आलम्बन र उद्दीपन विभावका रूपमा विम्ब, प्रतीकका रूपमा प्रयोग गरेर पहाडी नदीनाला, झर्नाको प्राकृत सुन्दरताको वर्णन गरिएको उल्लेख छ । लेखनाथका काव्यहरूमा प्राकृतिक परिवेशको व्यापक चित्रण गरिएको र प्राकृतिक सभ्यता र विज्ञानमूलक भौतिक परिवेशका बीचमा द्वन्द्व खडा गरी प्राकृतिक सभ्यताकै विजय र सर्वसुखी जीवनको उल्लेख गरिएको छ । प्राकृतिक परिवेशका अनेक स्वरूपको वर्णन गरिएको, प्रकृति, मानवता र ईश्वरका प्रतिविम्बहरू लेखनाथका काव्य कृतिहरूमा सबैतिर रहेको भौतिक संसारका प्राणी, वनस्पति, नदी, नाला, झर्ना, हावा, आकाश, चरी, जूनकिरी, चन्द्र, सूर्य आदिको अस्तितत्व राम्रो भए मात्र मानव सदैव सुखी र सन्तुष्टि प्राप्त गर्दछ । वास्तविक सुख र आत्मिक प्रेम ज्ञानको उदय प्रकृतिकै काखमा उत्पन्न हुन्छ भन्ने कथन प्रस्तुत भएको पाइन्छ ।

माथि प्रस्तुत गरिएका पूर्व अध्ययनहरूमा लेखनाथ पौड्यालको **तरुण तपसी नव्यकाव्यमा प्रकृतिचित्रण** सान्दर्भिक रूपमा मात्र टिप्पणी गरिएको पाइन्छ । **तरुण तपसी** नव्यकाव्यका बारेमा प्रकृति, दर्शन विषयवस्तु माथि चर्चा र टिप्पणी गरिएको पाइन्छ । तर **तरुण तपसी नव्यकाव्यमा** प्रकृति चित्रणको शोधमूलक खोज गरिएको पाइँदैन । तसर्थ यस ज्ञानात्मक समस्याको समाधान प्रस्तुत शोधमूलक अध्ययनमा गरिएको छ ।

## १.५ शोधको औचित्य

**तरुण तपसी नव्यकाव्यमा** गरिएको प्रकृतिचित्रण यस शोधको विषय हो । यस काव्यमा निहित प्रकृति चित्रण सम्बन्धी ज्ञानलाई अनुसन्धानात्मक रूपले अध्ययन गरी परिपुष्ट पार्ने कार्य पूर्वाध्यायनबाट भएको पाइँदैन । यस आधारमा गरिएको प्रकृति चित्रण सम्बन्धी ज्ञानको प्रतिपादन प्रस्तुत शोधबाट हुने भएकाले यो शोध औचित्यपूर्ण रहेको छ । यस अध्ययनबाट लेखनाथ पौडेलका काव्यात्मक अध्ययनका परम्परामा उनका काव्यात्मक प्रकृतिचित्रणमा नवीन ज्ञान थपिने भएकाले पनि यो शोध महत्त्वपूर्ण भएको छ । यस शोधद्वारा स्थापित हुने ज्ञानबाट उनका काव्यपाठक, अध्येता, अनुसन्धाताहरू पनि प्राज्ञिक रूपमा लाभान्वित हुने भएकाले शोधको उपयोगिता सिद्ध हुन्छ ।

## १.६ शोध विधि

### १.६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध साहित्यिक शोध भएको हुँदा यसका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । त्यस क्रममा यस शोधका निम्ति आवश्यक सामग्रीको स्रोत लेखनाथ पौड्यालले रचना गरेको **तरुण तपसी नव्यकाव्य** नै रहेको छ भने यसैका पठनद्वारा यसमा गरिएको प्रकृतिचित्रण सम्बन्धी सामग्रीको सङ्कलन गरिएको छ । त्यस क्रममा यस अध्ययनको उद्देश्य अनुरूप प्रकृति चित्रणगत स्वरूप, पद्धति र दृष्टिकोणसँग सम्बद्ध सामग्रीको मात्रै सङ्कलन गरिएको छ । उनका काव्यका बारेमा गरिएका अनुसन्धान, समालोचना, विश्लेषण, टिप्पणी आदिबाट पनि आवश्यकताअनुसार सामग्री सङ्कलन गरिएको छ ।

### १.६.२ विश्लेषण विधि

**तरुण तपसीमा** चित्रित प्रकृतिका स्वरूपको विश्लेषण रसका आधारमा गरिएको छ। यस काव्यका प्रकृतिचित्रणका पद्धतिलाई अभिव्यक्त, इन्द्रिय संवेद्यता र अलङ्कारका आधारमा विश्लेषण गरिएको छ। यसरी काव्यमा व्यक्त प्रकृतिप्रतिको दृष्टिकोणलाई पनि विभिन्न दर्शनका आधारमा केलाइएको छ।

## १.७ शोधको सीमाङ्कन

प्रस्तुत शोध **तरुण तपसी नव्यकाव्यमा** गरिएको प्रकृतिचित्रणको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधमा **तरुण तपसीलाई**प्रकृतिचित्रणका स्वरूप र पद्धतिका साथै प्रकृतिप्रतिको दृष्टिकोणका आधारमा मात्र हेरिएको छ। रसात्मक स्वरूपको चित्रण, प्रकृतिको विम्बात्मक, प्रतीकात्मक तथा आलङ्कारिक चित्रण बाहेक प्रकृतिचित्रणलाई केलाउने अन्य आधारको उपयोग नगरिनु यस शोधको सीमा हो।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध कार्यलाई निम्न लिखित अध्यायमा सुसङ्गठित गरेर शोध पत्रको रूप दिइएको छ।

पहिलो अध्याय शोध परिचय

दोस्रो अध्याय **तरुण तपसी नव्यकाव्यमा** विविध रसात्मक स्वरूपको चित्रण

तेस्रो अध्याय **तरुण तपसी नव्यकाव्यमा** प्रकृति चित्रणका पद्धतिको उपयोग

चौंथो अध्याय **तरुण तपसी नव्यकाव्यमा** प्रकृति प्रतिको दृष्टिकोण

पाँचौं अध्याय शोध निष्कर्ष

माथि उल्लेख गरिएका अध्यायलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ। प्रस्तुत शोध कार्यका अन्त्यमा सन्दर्भ सामग्री सूची दिइएको छ।

तरुण तपसी नव्यकाव्यमा विविध रसात्मक स्वरूपको चित्रण

## दोस्रो अध्याय

## तरुण तपसी नव्यकाव्यमा विविध रसात्मक स्वरूपको  चित्रण

### २.१ विषय परिचय

**तश्रण तपसी नव्यकाव्य** कवि शिरोमणि लेखनाथ पौड्याल (१९४१-२०२२) द्वारा लेखिएको हो । लेखनाथ परिष्कारवादी धाराका विस्तारक, प्रकृतिप्रेमी काव्यकार हुन् । उनको **तरुण तपसी नव्यकाव्य** २०१०सालमा प्रकाशित भएको हो । यो काव्य नेपाली साहित्य जगत्‌मा महत्त्वपूर्ण काव्यका रूपमा स्थापित छ । प्रस्तुत काव्यको संरचना १९ औँ खण्डका विश्रामद्वारा निर्माण भएको छ । लेखनाथले यस काव्यमा आख्यान रहित विषयवस्तुको प्रयोग गरेका छन् । कवि श्रोता र वक्ता तपसीको समायोजन यसमा गरिएको छ । "कान्ताविरही र तपस्यातिर उन्मुख कवि तरू भित्र अन्तर्निहित तपसीकै माध्यमबाट यो नव्यकाव्य निर्मित छ ।" (त्रिपाठी) कवि पात्र स्रोता बन्दै र तपसी वक्ता हुँदै आत्मकथा भनेर काव्य (१९) औँ विश्रामसम्म लम्बिएको छ । तरूका मुनि झकाएका कवि तपसीसँगको वार्ता अन्त्य भई विहानीपखको चिसो हावाका प्रभावले बिउँझिएका छन् । यसरी तपसी वृक्षले आफ्नो जीवनका भोगाइ र मानवहितको हरित क्रान्तिको सन्देश प्रस्तुत गरेकोछ । तरूण तपसीका वक्ता, स्रोता भन्ने र सुन्ने सुन्ने र सम्झाउने गरी अलग अल स्वरूपमा देखा परेका छन् ।

**तरुण तपसी नव्यकाव्यमा**तरूको जीवनगाथा भएकाले यसको मुख्य विषयवस्तु प्रकृति नै हो । प्रकृतिका अनेक स्वरूपहरू पूर्वीय रसवादबाट हेर्दा आलम्बन र उद्दीपन बनेका छन् । यहाँ रूखलाई आलम्बन बनाइएको छ । त्यस्तै अन्य प्राकृतिक तत्त्वहरू आलम्बनका साथै उद्दीपनका रूपमा चित्रित छन् । लेखनाथ पौड्याल प्रकृति प्रेमी कवि हुन् । उनले प्रकृतिका जूनकिरी, चरी, रूखहरू, चन्द्रमाको उदय जस्ता विषयलाई आलम्बन बनाएका छन् । त्यस्तै गरी उद्दीपनका रूपमा अन्धकार, सूर्य, चन्द्र, वर्षा, दिन, बादल इत्यादिको लौकिक तथा अलौकिक प्रस्तुति गरिएको छ । वस्तुपरक प्रकृति चित्रण लेखनाथको कवित्वको महत्त्वपूर्ण प्राप्ति हो । उनको कवित्वमा प्रकृतिको बहुमुखी प्रयोग भएको पाइन्छ । उनले प्रकृतिलाई मानवीय सभ्यता तथा सौन्दर्य चेतनाको स्रोतका रूपमा पनि हेरेका छन् । लेखनाथ प्रकृतिका इन्द्रिय संवेद्य चित्रणमा रमाएको पाइन्छ । प्राकृतिक भावना र रस कविका काव्यहरूमा कमलको पातमा पानी झल्किएको जस्तो गरी झल्केर बसेको उल्लेख गरिएको छ । रूख, पात, चरी, चन्द्र, सूर्य, रात, जूनकिरी, खोला, झर्ना, ॠतु, बादल आदि प्राकृतिक स्वरूपमा मुग्ध भई प्राकृतिक यथार्थ भाव झल्काउनु खुसी अवस्थामा खुसी र दु:खी अवस्थामा दु:खी भाव पनि प्रकृतिबाट देखाउन सक्नु कविको प्रकृति विम्वतगत प्रष्फुटन हो । प्रकृतिलाई कविले विभिन्न भाव र भावनाका रूपमा लिएका छन् । प्रकृतिको इन्द्रिय संवेद्य चित्रण अन्तर्गत आँखाका निम्ति दृश्य, नाकका निम्ति गन्ध, कानका निम्ति

ध्वनि, छालाका निम्ति स्पर्श र जिब्रोका निम्ति स्वाद परक चित्रण देखाएका छन् । लेखनाथ प्रकृतिको प्रयोगमा कुशल र वर्णनात्मकताले युक्त देखा पर्दछन् । विम्ब र प्रतीकको सटिक प्रयोग उनको परिष्कारपूर्ण लेखनले झल्काएको छ । प्रकृतिका नाना स्वरूपको प्रस्तुतिमा साहित्यका नव रसहरूको झल्को पाइन्छ । प्रकृतिले मानवबाट पाएको पीडामा करूण र ऋतुको सुन्दर प्रस्तुतिमा शृङ्गार जस्ता स्वरूपको प्रयोगले काव्य सजिएको छ । लेखनाथ आफ्नो कलम मार्फत काँट छाँट पूर्ण काव्यकलालाई प्रस्तुत गर्दछन् । उनको त्यो अथक प्रयासले काव्यमा प्रकृतिको मनोरम दृश्यलाई उजागर गरेको छ । यसरी प्राकृतिक विम्ब प्रतीक र अलङ्कारको समायोजनमा उनी विभिन्न प्राकृतिक सन्देश प्रसारण गर्दछन् । मानवको प्राचीन समय र वृक्षले झेल्ने विभिन्न प्रताडना तथा यान्त्रिक युगको समय बोधलाई उनले प्रस्तुत गरेका छन् । शान्त सौम्य देखिने प्राकृतिक तपसी ती सबैको द्रष्टा बनेका छन् । प्रकृतिको मनोहर जगत् प्रकृतिको उदारता भातृत्व भाव जस्ता स्वरूपले मुख्य स्थान पाएका छन् । यस्तै सबै तत्त्वहरूको स्रोतका रूपमा उनी प्रकृतिलाई मान्दछन् ।

यसरी लेखनाथ पौड्यालले काव्यमा प्रकृतिको प्रयोग महत्त्वपूर्ण रूपमा गरेको पाइन्छ । **तरुण तपसी नव्यकाव्यमा** गरिएको प्रकृति चित्रणको प्रस्तुतिगत विश्लेषण यसरी गरिएको छ ।

## २.२ प्रकृतिको विविध रसात्मक स्वरूपको चित्रण

रस शब्दले कुनै पदार्थमा रहने तरल गुणलाई बुझाउँछ । काव्यमा यसको प्रयोग आनन्दात्मक अनुभूतिका रूपमा गरिएको हुन्छ । काव्यको पठनबाट उत्पन्न हुने विभिन्न भावहरूलाई नव रस भनेर चिनिन्छ । ती रसहरू शृङ्गार, हास्य, करूण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भूत र शान्त रहेका छन् । मानवको हाँसो र रोदनसँगै प्रकृतिको पनि त्यस्तै अनुसारको आफ्नो स्वरूप विभिन्न रसका माध्यमबाट प्रस्तुत गरेको हुन्छ । **तरुणतपसी नव्यकाव्यमा** प्रकृतिका उदात्त, शान्त, सौम्य, कठोर, विध्वंसक आदि अनेक प्रकारका स्वरूपको चित्रण गरिएको पाइन्छ ।

### (क) प्रकृतिको शृङ्गारिक स्वरूप

प्रकृतिका सुन्दर बगैंचा, फूलबारी, एकान्तस्थान, वसन्त ऋतु, वन, जलविहार, रात्री समय, चन्द्रोदय आदि स्वरूपबाट उत्पन्न हुने भावलाई शृङ्गारिक रूपमा लिइन्छ । सुखद

क्षण उन्मद, मद जस्ता सञ्चारी भावहरूको सहायताबाट उत्पन्न हुने प्रकृतिको संयोग शृङ्गारको स्वरूप**तरुण तपसी नव्यकाव्यमा** पाइन्छ । त्यसलाई यसरी प्रस्तुत गरिएको छ :

अध्याँरोपर्दा त्यो सहजसित फारेर त्यसरी ।

फिँजारी चौतर्फी मधुर सुख सौन्दर्य लहरी ॥

बसन्तश्री गर्थिन् सवतरु लतामा चहचह ।

छचल्किन्थ्यो जस्ले प्रणय कसको निर्मल दह ॥

४/२०

प्रस्तुत पद्यमा प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण गरिएको छ । जगत्को सबै अँध्यारो कस्मल फालेर चारैतिर सुख सौन्दर्यको आनन्द फैलिएको छ । वसन्त ऋतुको आगमनले प्रकृतिका सबै वनस्पतिहरूमा उन्मादाताको लहर उत्पन्न भएको छ । वसन्तको रोमाञ्च अवस्था प्रस्तुत हुँदा प्रणय भावना उत्पन्न भएको भाव यहाँ प्रस्तुत भएको छ । यहाँ वसन्तलाई नारीका रूपमा प्रस्तुत गरिएको छ । जसको आगमनले वृक्ष, लता, वन, गगन सबैतिर सुन्दरताको पराकाष्ठा उत्पन्न भएको चित्र प्रस्तुत गरिएको छ । अँध्यारो पलायन भएर सबैतिर उज्यालो ज्योति चम्केको र त्यो ज्योतिले प्रेम रूपी मत्तपना भरेर उत्तेजना प्रकृतिमा प्रसारण गरेको छ । यसरी प्रस्तुत पद्यमा प्रकृतिको दिव्यता र सुन्दरतालाई वसन्तको आगमनले प्राकृतिक लता लहराहरूमा जोश जवानी भरेको छ । वसन्तले सर्वत्र उज्यालो प्रकाशित गरेर अँध्यारो रूपी कस्मल हटाएर स्वच्छ प्राकृतिक वातावरण प्रस्तुत गरेको छ । वसन्त ऋतुमा सबैतिर फूलहरू फुल्ने नयाँ नयाँ पालुवा प्रकृतिमा उत्पन्न हुने गर्दछ । त्यस अवस्थामा प्रकृति पूरै मनोहर हुने हुनाले प्रणयको क्रिडास्थल यहाँ प्रस्तुत भएको पाइन्छ । प्रकृति चित्रणका रूपमा प्रकृतिको शृङ्गारिक स्वरूप यसरी झल्केको पाइन्छ :

चढाएको मैले प्रणया फूलको अञ्जलि लिई ।

मलाई तत्कालै प्रथम वर वा नम्वर दिई ॥

घुमिन्, नाचिन्, खेलिन् हर किसिमको कौतुकगरी ।

बसन्तश्री उर्ले भुवनभर आनन्दलहरी ॥

४/२३

प्रेम रूपी फूलको अञ्जली अर्पण गर्ने तपसीले वसन्तश्रीलाई प्रथम वरकै रूपमा लिएका छन् । सबैतिर घुमेर पृथ्वीमा आनन्दको लहर फैलाउने प्रकृतिको शृङ्गारिक भाव यहाँ प्रस्तुत भएको छ । प्रेमीका रूपमा तपसी र प्रेमिका रूपमा प्रकृति उपस्थित भएका छन् । सबैतिर घुमेर नाचेर प्रकृतिले आफ्नो वरलाई स्वागत गर्दछिन् । प्रकृतिको स्वागत नृत्यबाट पृथ्वीमा सुन्दरता छाएको छ । प्रकृतिको चञ्चलता सहितको क्रिडामय व्यवहारले सुख सौन्दर्यको मुस्कान पृथ्वीमा फैलिएको छ । तपसी नायक र प्रकृति नायिका बनेर प्रेमपरक संयोग शृङ्गारको प्रस्तुति देखाएका हुन् । पतिलाई वरण गरेपछि प्रकृतिमा रोमाञ्च छाएको र त्यो उन्मादता सबैतिर वसन्तका रूपले  प्रकट भएको प्रकृतिको शृङ्गारिक स्वरूपको चित्रण प्रस्तुत भएको पाइन्छ :

प्रिया रात्री काली प्रियतम शशी उज्जवल अति ।
अगाल्दा उस्लाई हृदयचि कालो अलि कति ॥
सरेका हो यदा प्रणय सुखको सम्मिलनमा ।
परेको हो छायाँ निविक कवरीको वदनमा ॥

१६/९

प्रस्तुत पद्यमा प्रकृतिको शृङ्गार स्वरूपको प्रस्तुति पाइन्छ । रात्री समय प्रियाका रूपमा कालो वर्णले युक्त छिन् । चन्द्रमा उज्यालो ज्योतिकारूपमा प्रेमी बनेको छ । यिनीहरूले आपसमा अङ्कमाल गर्दा हृदयमा कालोपना रहेको र त्यो कालो प्रेम रूपी सम्मिलनमा सरेको भाव देखिन्छ । शशीको शरीरमा देखिने कालो छायाँ रात्री प्रियाकै चुम्बनको खतलाई प्रस्तुत गरिएको छ । रात्रीकालीन प्रकृतिको समयलाईनायिका वरण गरेर सांयकालमा उदाउने चन्द्रमालाई नायकका रूपमा स्थापित गरिएको छ । यी दुवै रात्री र चन्द्रमाका हृदयालम्बनका समयमा रात्रीमा अझै केही कालोपना बाँकी रहेको कथन पाइन्छ । चन्द्रमाले आफ्नी प्रेमिकाको कालोपनलाई छुट्याउने प्रयास गरेका छन् । परस्पर प्रेमलापको कथनले रात्री र चन्द्रमाको संयोग शृङ्गार यहाँ प्रस्तुत गरिएको छ । जब चन्द्रमा उदाउँछन् तब नायिका रात्री उज्याली हुन्छे भन्ने भावोदय प्रकृतिका माध्यमबाट प्रस्तुत भएको छ । प्रकृतिचित्रणका रूपमा शृङ्गार स्वरूपको प्रस्तुति यहाँ प्रस्तुत भएको पाइन्छ :

जवानी उर्लेका हसमुख ठिटी तुल्य सवती ।
नदी नाला झर्ना लिइ बडो चञ्चल गति ॥
घुमी नाच्दै कुद्दै अभयसित थाले छिहिलिन ।
चले हाँस्तै हाँस्तै जलन्धसित भो मस्त मिलन ॥

१८/१२

प्रस्तुत पद्यमा काव्यकारले प्रकृतिको यौवनात्मक उन्मादतालाई प्रस्तुत गरेका छन् । प्रकृतिका रूप जवानीले भरिपूर्ण यौवना हँसिलो ठिटीझैँ नदी, तलाउ, झर्ना सबै चञ्चल बनेर उर्लेका छन् । निर्धक्क बनेर चारैतिर घुम्दै नाचेर यौवनको आनन्द प्रकट गर्दछन् । पानीका स्रोतहरू झर्ना, नदी, नाला, तलाउ प्रेमी समुद्रसँगको मिलनका निम्ति हाँस्तै मनोहर रूपमा हिँडेका छन् । यसरी यस पद्यमा नवयौवना कुमारीको जवानीले भरिपूर्ण हँसिली नदी, झर्नाको त्यस्तो स्वरूपलाई प्रस्तुत गरिएको छ । प्रकृतिका जल राशीहरू सबै निडर भएर उन्माद रूपमा आफ्नो गतिको वेगलाई बढाएर उच्छ्रिङ्खलित बनेका छन् । जब जब मिलनको निकटता बढ्छ तब तब प्रेमी र प्रेमिकाको बीचमा हुने हर्षको स्वरूपलाई प्रकृतिका माध्यमद्वारा प्रस्तुत गरिएको छ । नदी, झर्ना नायिका र समुद्र प्रेमी बनेर उपस्थित छन् । यी दुवैको प्रयोगबाट प्रकृतिको शृङ्गार स्वरूप प्रस्तुत भएको पाइन्छ ।

### (ख) प्रकृतिको हास्य स्वरूप

प्रकृतिका माध्यमबाट हास्य स्वरूप उत्पन्न हुनु प्रकृतिको हास्य चित्रण हो । **तरुण तपसी नव्यकाव्यमा** लेखनाथ पौड्यालले प्रकृतिका माध्यमद्वारा हास्य स्वरूपको चित्रण प्रस्तुत गरेको पाइन्छ । जस्तै :

कुनै घुम्थे छर्दै फल मकन दायाँतिर गरी ।
कुनै ढोग्थे पुष्पाञ्जलीसहित भेटी पनि धरी ॥
बढ्यो एवंरीत्या प्रतिदिन ठूलो पूजन कला ।

पूजारी भै लुट्थे पट पुरूष नैवेद्यमसला ॥

१४/११

प्रस्तुत पद्यमा कविले प्रकृतिको हास्य स्वरूपको चित्रण प्रस्तुत गरेका छन् । मानिसहरू आ-आफ्ना मनोकामना सिद्ध गर्न दाहिनेतिरबाट फलफूल लिएर परिक्रमा गर्दछन् । भेटी पुष्प लिएर सदैव पूजन गर्ने कार्यको यहाँ चित्रण गरिएको छ । मानिसले गर्ने ढोंगी प्रवृत्ति र पूजारी बनेर चढेका राम्रा फल मिठाईलाई लुट्ने प्रवृत्तिको चित्रणले हास्य स्वरूपलाई प्रस्तुत गर्दछ । एउटाले गरेको देखेर अर्काले पनि देखासिकी गर्ने प्रवृत्तिलाई पनि प्रस्तुत गरिएको छ । समाजको आडम्बर ढोंगीपना र कसैको मनोकामना पूरा गर्नेवाला ठिङ्ग उभिएको वृक्ष देवताका रूपमा मूर्तिबद्ध बनेको छ । भक्तले चढाएका पैसा मिठाईमा लुब्ध हुने कटु पूजारीहरूले गर्ने गरेको दुष्टताबाट संसार हाँसको भाव पाइन्छ । अमर्ष, उन्माद जस्ता स्थायी भावबाट उत्पन्न हुने हास्य वा हाँसो स्थायी भावबाट प्रकृतिको हास्य स्वरूप प्रस्तुत भएको पाइन्छ :

मलाई यस्तो होस् पछि म गरुँला पूजन भनी ।
कुनै थाले गर्न भ्रमवश कठै ! भाकल पनि ॥
पुग्यो उस्को इच्छा विधिवश म दाता हुनगये ।
गचो पूजामारी मुसुमुसु म हाँसेर उभिये ॥

१४/१२

मानवले आफ्ना इच्छा चाहना पूरा गर्न गर्ने पूजन केवल भ्रम हो । जति पनि भाकल गरेर भगवानलाई आशाको पोको थमाउँछन् त्यो केवल क्रेता र दाता बीचको सम्बन्ध हो भनेर चिनिन्छ । कसैले गरेको भाकल, पूजनले त्यसको इच्छाको झोला भएकाले वृक्ष दाताका रूपमा दरिएका छन् । यसरी भक्तको मनोकामना पूर्ण भएकोमा तरुस्वयम् हाँसेको छ । मानवको अन्ध भक्तिदेखि वृक्ष हाँसेको पाइन्छ । यहाँ प्रस्तुत भक्त र ईश्वर मानव तथा तरुका बीचको सम्बन्ध अदृश्य रहेको छ । त्यसबाट उत्पन्न प्राकृतिक सम्बन्धगत कार्यले हाँसोको रूप लिएको छ । हाँसो स्थायी भाव हुने हास्य स्वरूपको प्रकृति चित्रण यहाँ प्रस्तुत भएको पाइन्छ ।

**(ग) प्रकृतिको करूण स्वरूप**

प्रकृतिको कारूणिकता रोदन विपत्ति आदिको स्वरूप प्रस्तुत हुनु प्रकृतिको करूण रूप हो । लेखनाथ पौड्यालले प्रकृति र मानवका बीचको कारूणिक स्वरूपलाई यसरी प्रस्तुत गरेका छन् :

न सक्छौ यो आँसु टपटप टिपी चप्प पिउन ।
न सक्छौ मासुले दिनभर अघाएर जिउन ॥
न सक्छौ यो भुत्ला लिइकन कुनै बस्त्र सिउन ।
चुड्यौ व्यर्थै मेरो मनुज तिमीले जीवन किन ?॥

६/४

प्रस्तुत पद्यमा स्वतन्त्र विचरण गर्ने पक्षी माथि व्याधाले प्रहार गरेको वाणप्रति चरो बोल्दछ । मानवले तुच्छ सानो चराको मासुमा लुब्ध हुनु र चराको मासुले पेट भर्न नसकिने तथा भुत्लालाई कुनै वस्त्रका रूपमा लगाउन नसकिने अवस्था छ । यस्तो सानो वस्तुमा तिमीले किन मेरो प्राणहरण गऱ्यौ भन्दै मानवप्रति चराले करुणा पोखिरहेको छ । चराका आँखामा रहेका दुई थोपा आँसुले प्यास मेट्न सकिँदैन सानो शरीरको मासुले कुनै भोकबाट तृप्ति पाउन सकिँदैन । पंक्षीका शरीरमा पलाएका रौंहरूबाट कुनै वस्त्र बन्न सक्दैन त्यस कारण मनुष्यको तुच्छ सपनालाई चराले करुणाद्वाराआफ्नो भाव पोखिरहेको छ । यसरी व्याधाको वाण प्रहारबाट आर्त बनेको चराले बोलेकाप्रत्येक वाक्यकारुणिक छन् । प्रत्येकपंक्ति पंक्तिमा कारुणिकता झल्केको छ । चिन्ता, विषाद, मरण जस्ताविभिन्न सञ्चारिभावबाट उत्पन्न शोक स्थायी भाव हुने प्रकृतिको करुण स्वरूप प्रस्तुत भएको पाइन्छ :

दुवै भाले पोथी हरबखत पालो गरि गरी ।
लगी दिन्थ्यौ चरा विकल बचराको मुखभरी ॥
अकेली सुत्केरी अव शिव हरे ! दीन विचरी ।
गुजारा गर्ली त्यो कसरि टुहुरा पालन गरी॥

६/१५

प्रस्तुत पद्य प्रिया र प्रियतम पक्षीका बीचको वियोगावस्थासँग सम्बन्धित छ । व्यधाको प्रहारबाट विक्षिप्त बनेको चराले आफ्ना सन्तान र पत्नीका बारेको करुणता पोखेको छ । सधैंभरि मिलेर बस्ने बच्चाहरूको निम्ति चारा जुटाउनसँगै हिँड्ने त्यो अवस्था अब नरहेको कथन प्रस्तुत भएको छ । प्रेमीका चरी सुत्केरी भएकी र यस्तो अवस्थामा कसरी बस्ली साना साना बालकहरू कसरी लालनपालन गर्ली भन्ने करुण वेदना मृतात्मा पक्षीमा रहेको छ । पक्षीको अन्त्य समयसँग सम्बन्धित यस पद्यमा पक्षीले आफ्नी चरीको असहज अवस्थाका साथै साना बालकहरूको भविष्यप्रतिको चिन्ता पनि प्रकट भएको छ । सधैं मिलेर बस्ने परिवार भरण पोषणमा तल्लिन चरीको क्रन्दनबाट नैषधीय चरित्रको हंशोपाख्यानलाई उजागर गरेको छ । चिन्ता, शोक, मरण जस्ता सञ्चारी भावबाट उत्पन्न शोक स्थायी भाव हुने प्रकृतिको करुण स्वरूप प्रकृतिचित्रण प्रस्तुत भएको पाइन्छ :

कठै ! चिल्यो कन्था फगत लिपिटो मात्र प्रहरमा ।
कलेटीको खस्रो अति मलिन रेखा अधरमा ॥
गरेका खोपाझैँ नयन मुगल आँशू गहभरी ।
बगेको देखिन्थ्यो, कर चरण काम्थे थरथरी ॥

९/५

निर्धन भोको प्यासी मानवको कारुणिकता यस पद्यमा प्रस्तुत भएको छ । शरीरमा थोत्रा फाटेका झुम्रो समानका सानो कपडा मात्र शरीरमा लगाएको छ । भोक प्यासले आक्रान्त मलिन मुद्रा लिएर हिँडेको मानवका आँखा भित्तामा बनाइएका खोविल्टा झैं आँसु धाराले भरिपूर्ण छन् । यस्तो दीनहीन व्यक्ति हिँडेको देखेर जो कोहीको पनि खुट्टा काम्न सक्छ । प्रस्तुत पद्यमा थोत्रा धुजा परेको टालोलाई बेरेर हिँडेको र उसका मुखाकृतिमा चमक हराएको छ । भोकले ओठ मुख सुकेका छन् । मलिन अनुहारले विच्छिप्त भएको त्यस मानवमा आँखामा केवल आँसु मात्र भरिएका छन् । खानाको अभाव तिर्खा मेट्ने पानीको अभावले बाँच्न बाध्य यस्तो मानवको स्वरूपले कारुणिकता प्रस्तुत गर्दछ । यसरी प्रकृति चित्रणका रूपमा प्रकृतिको कारुणिक स्वरूप झल्केको पाइन्छ ।

**(घ ) प्रकृतिको रौद्र स्वरूप**

प्रकृति मानवका दुष्टता, कठोरता र धृष्टता बनेर क्रोध उत्पन्न गर्दछ । जब पृथ्वीमा अनिष्ट पर्न जान्छ तब विविध रूपहरू देखा पर्दछन् । जस्तै अतिवृष्टि, अनावृष्टि, भुकम्प, मरूभूमि, बाढी प्रकोप जस्ता स्वरूपको निर्माण हुन जान्छ । यस्ता प्रकृतिका रौद्र रूपको चित्रण **तरुण तपसी नव्यकाव्यमा** यसरी गरिएको छ :

हावापानी तात्यो धरणितल तात्यो नभ पनि ।

अँगेन भैहाल्यो रवि किरण बल्दा दनदनी ॥

ठुलो साना प्राणी सकल उसमा पिल्सन गये ।

म त्यो बेला टिक्थे कसरि बलियो दैव नभए ॥

२/१८

प्रकृतिले जगत्मा तातोपना छरेर आकाश पृथ्वी वायु सबै आक्रान्त बनेका छन् । अग्निको ज्वाला जस्तै सूर्यको उष्णता बनेको अवस्था छ । त्यस्तो तातोपनले सबै प्राणीहरू जलेका पिल्सिएका र बाँच्न कठिन भएको कथन छ । यस्तो उष्णताबाट बच्न सानो वृक्ष ईश्वर नभए बाँच्ने थिएन भनेर प्रकृतिको भयावह स्वरूपको अवस्था प्रस्तुत भएको छ । सूर्यको त्यो तातोपना अँगेनु नजिक बस्दा झैँ भएको छ । पृथ्वी, हावा, आकाश सबैतिर केवल तातोपना मात्रै भएको र त्यस तातो अवस्थालाई सहन नसकेर धेरै प्राणीले देहत्याग गर्नु परेको प्रसङ्ग प्रस्तुत भएको छ । प्रकृतिको रौद्र स्वरूपको चित्रण क्रोध स्थायी भावबाट प्रस्तुत भएको पाइन्छ :

यहि तिम्रो हिंसा छलकपट ज्यादा प्रवल भै ।

सिधा सादा निर्धा अवुझ थिचिदा आखिर सबै ॥

अशान्ति ज्वाला जो मुलुकभर बल्ला दनदनी ।

यसैमा पर्नेछौ जडमति ! म जस्तै तिमी पनि ॥

६/२६

प्रस्तुत पद्यमा चरिले आफ्नो ज्यान लिने व्याधालाई अपराधीका रूपमा लिएको छ । मानवको हिंसात्मक छलकपट जस्ता प्रवृत्तिमा लुब्ध हुने पनलाई जोड दिएको छ । सबै सज्जन अज्ञानीहरू तिम्रो अधमपनामा थिचिने छन् । यस्तो अवस्था भएसम्म सारा संसार अधम अपराधीमय बन्ने छ । जीवनको सुखमय बाटोलाई अन्त्य गराउने अपराधी व्याधालाई

चराले अपराधको अन्त्य अवश्य हुन्छ भनेको छ । कुकर्मको ज्वालामा परेर अपराधीहरू अन्त्य हुने छन् र जडमतिवाला पनि ठेगान लाग्ने कथन प्रस्तुत भएको छ । चराले व्याधाको अपराध कर्मको कथन सहित प्रकृतिको भयावह स्वरूप प्रस्तुत गरिएको छ । क्रोधपूर्ण स्थायी भावबाट प्रकृतिको रौद्र स्वरूप प्रस्तुत भएको पाइन्छ ।

(ङ) **प्रकृतिको वीर स्वरूप**

प्रकृतिका माध्यमबाट उत्पन्न हुने उत्साह, तेज प्रतापी तथा प्रतिभाशाली भावना सिर्जना हुने परिस्थिति उत्पन्न हुनु प्रकृतिको ओजस्वी चित्रण हो । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिको उत्साह र ओजस्वी स्वरूपको चित्रण दानवीर, दयावीर र धर्मवीर तिनै रूपमा प्रस्तुत गरिएको छ :

सबै आऊन पाऊन कठिन तपको उज्ज्वल फल ।
नहोस् तेरो मेरो भनि कलह यद्वा खलबल ॥
म भन्थे त्यो सारा पटु पवन म्यानेजर वनी ।
सबैलाई दिन्थ्यो महकमय विज्ञापन पनि ॥

१०/१५

प्रस्तुत पद्यमा तरू सबैका निम्ति त्यागी दानवीर बनेको छ । सबैले आएर वृक्षमा फलेका सुन्दर फलहरूलाई खाऊन् भन्ने सोच प्रस्तुत भएको छ । निकै परिश्रम गरेर उब्जिएको त्यो फलको मिठासलाई स्वादलिउन भनिएको छ । कसैले पनि उक्त फलमा अपनत्व प्रस्तुत नगरिकन समान रूपमा ग्रहण गरुन् सबैका निम्ति वितरक बनेको र सबै यात्री सेवक शरणागतका लागि आनन्दको स्थल छ भन्ने परिचय प्रदान गरेको छ । वृक्षहरू सदैव परोपकारी हुन्छन् भन्ने सन्देश दानवीरका रूपमा प्रस्तुत भएको छ । अगाध फलराशीहरू वितरण गर्न पाउँदा तरूका तपसीमा आनन्द छाएको छ । यसरी उत्साह स्थायी भाव हुने प्रकृतिको वीर स्वरूपको चित्रण प्रस्तुत भएको पाइन्छ :

स्वयं नि स्वार्थी भै विपद अरुकै निम्ति सहने ।
तपस्वी चोलाको विधि नियम हो शान्त रहने ॥

यही सम्झी मैले अतिकठिन त्यो पाउन सके ।

बुझी दैवी लीला सब विलखमन्नै परिरहे॥

११/७

प्रस्तुत पद्यमा प्रकृतिको धर्मवीरको स्वरूप प्रस्तुत गरिएको छ । निस्वार्थ भएर अनेकन विपदहरू अरुको कल्याणका निम्ति सहने काम वृक्षले गरेको छ । अरुको हित चाहने तपस्वी व्यक्ति त्यसलाई धर्मका रूपमा लिन्छन् । सज्जन व्यक्तिले समाज र देशको हितका निम्ति योगदान दिन्छन् भन्ने मुख्य अभिव्यक्ति पाइन्छ । शान्त रहने तपसीको स्वभाव त्यसको उदाहरण हो । यस्तै क्रमले धेरै दिनसम्म कठिनाइका बीच समय व्यतित गरेका छन् । जगत्मा व्याप्त अनेक प्रताडनालाई सहनका निम्ति धर्मवीरको सन्देश दिएका छन् । उत्साह स्थायी भाव हुने वीर प्रवृत्तिको वीर स्वरूपको चित्रण प्रस्तुत भएको पाइन्छ :

हुरी आँधी व्यारी विकट हिमवर्ण र असिना ।

कडा लुको धक्का तर तर लगातार पसिना ॥

सहन्छन् सम्झन्छन् उस कठिनताको परिणति ।

तपस्वीको एकै व्रत छ दुनियाँको उपकृति ॥

१९/१२

प्रस्तुत पद्यमा प्रकृतिले उत्पन्न गर्ने विध्वंसक रूपको स्वरूप दानवीरका रूपमा प्रस्तुत गरिएको छ । हावा, हुरी, हिम वर्षाको प्रकोपले संसारमा तरङ उत्पन्न गरेको छ । यस्तो विचित्रमय प्रकृतिको रूपले कठिन परिस्थिति उत्पन्न गराएको छ । सबै प्राणीहरू सन्तप्त बनेका छन् । त्यस्तो परिस्थिति सहन सक्ने सामर्थ्यशाली तपस्वी यो सबै अवस्था सहेर बसेको छ । प्रकृतिका सबै प्रकोप सहेर जगतका प्राणीको रक्षागर्ने कल्याणर्थ वृक्ष बनेर बसेको छ । सबै प्राणीहरू त्यहाँ आउन् शीतलता प्राप्त ग्रुन् भन्ने उपकारी सोच व्यक्त गर्दछन् । हावा, आँधी, हिम वर्षा, असिनाको चर्को पीडा र गर्मीको लू सहन सक्ने तरू दयावीरका रूपमा स्थापित देखिन्छन् । यसरी प्रकृति चित्रणका रूपमा प्रकृतिको वीर स्वरूप प्रस्तुत भएको पाइन्छ ।

**(च) प्रकृतिको भयानक स्वरूपको चित्रण**

प्रकृतिका माध्यमबाट भय, त्रास, डर उत्पन्न हुने परिस्थिति हुनु प्रकृतिको भयानक चित्रण हो । **तरुण तपसी नव्यकाव्यमा** भयानक चित्रण यसरी गरिएको पाइन्छ :

जसै बल्भे‍ माखा मसक विचरा जालविचमा ।

अनी कालो कालोपम शठ शिकारी नगिचमा ॥

पुगी दाह्रा धस्थ्यो रगत सब चुस्थ्यो तनतन ।

म आँखा चिम्लन्थे सहन नसकी त्यो शठपन ॥

२/२४

कालो डरलाग्दो विनाशकारी तत्त्वको उपस्थितिले माखा मसक सबै अवोध प्राणी जालमा परेका छन् । मृत्युका रूपमा उपस्थित त्यस तत्त्वले सबैको रगत चुसेर दाह्रा धसेको त्यो भयङ्कर अवस्थालाई वृक्षका तपसीले मूर्खपना सम्झँदै आफ्ना आँखा बन्द गरेका छन् । प्रस्तुत पद्यमा प्रकृतिको विनाशक प्राणहरणकर्ताका रूपमा भयङ्कर कालो स्वरूपधारी यमराजको प्रतिम्बिन रूप प्रस्तुत भएको छ । जसले सबै शरीरधारी साना साना जीव जन्तुहरूको रगत आफ्ना दाह्रा धस्दै पान गरेको छ । मूर्खरूपी कालको जालमा भुसुना मसक सबै परिरहेका छन् । प्रकृतिको विनासकारी आततायी अवस्थाको प्रकृतिचित्रणमा भयानक स्वरूप प्रस्तुत भएको पाइन्छ :

इनै पैसा उम्ली तमकसित शस्त्रास्त्रहरूको ।

झिकी तीखो जिभ्रो जुग जुग कठै ! जीवहरूको ॥

गला काटी तातो रगतकन चाटी लपलपी ।

अकालैमा कालानल विकट फुक्कछन् धपधपी ॥

११/३२

पैसाका बलमा परेर शस्त्र अस्त्रहरूले अवोध जीवहरूको जिब्रो सधैँभरि थुत्छन् । गला रेटेर रगत पिउने कालका रूपमा उपस्थित भएर अकालैमा ज्यान लिने प्रवृत्तिको

चित्रण पाइन्छ । जीवजन्तुका जीव तत्त्वलाई थुत्न अघि बढ्ने कालको प्रकृतिगत चित्रण यहाँ छ । गला रेटेर रगतको पान गर्ने त्यस रगतको स्वादमा मत्तहुने कालको विध्वंशक रूप यहाँ पाइन्छ । बाँच्न चाहने प्राणीका निम्ति काल प्राणहरणकर्ता बनेको छ । कालरूपी आगो अझै दन्किरहेको छ । जसले निडर अपराधी जनहरूको रगत पान गरेर नृत्य गर्दछ । जीवहरूको आत्महरण गर्ने प्रकृतिको विनासकारी भयानक स्वरूपको प्रकृति चित्रण यहाँ प्रस्तुत भएको पाइन्छ ।

**(छ ) प्रकृतिको वीभत्स स्वरूपको चित्रण**

प्रकृतिका माध्यमबाट घृणा, जुगुप्सा जन्य दुर्गन्धको चित्रण हुने स्वरूप नै वीभत्स हो । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिको वीभत्स परक स्वरूप यसरी प्रस्तुत गरिएको छ :

कसैका कन्थाको विकट वदबुले हरघडी ।
झुकी बस्नु पर्थ्यो जिनतिन दुवै नाक पकडी ॥

१३/१९

प्रस्तुत पद्यमा शरीरबाट निस्कने दुर्गन्धले बस्न समस्या भएको वीभत्स अवस्था देखिएको छ । निकै कठोर परिश्रम गरेर बस्नु पर्ने बाध्यता सिर्जित भएको छ । वृक्षमा बसेका तपसीलाई मान्छेका शरीरबाट निस्कने दुषित वायु विकार र पसिनाको दुर्गन्धले असह्य बनाएको छ । त्यस्तो समयमा नाक थुनेर बस्नु पर्ने भएकाले दिन बिताउन निकै गाह्रो भएको छ । त्यस अवस्थालाई उनी झुकेर भोग्न बाध्य भएका छन् । जुगुप्साजन्य शरीरसँग सम्बन्धित गन्धपरक प्रवृत्तिको वीभत्स चित्रणको स्वरूप यहाँ प्रस्तुत भएको पाइन्छ :

कुनै थुप्रो खानाउपर पनि खाना थपि थपि ।
चुसी चाटी टोकी चिजबिज अनेकौ लपलपी ॥
डकारी खै मेरो मधुर हजमी पाचक भनी ।
शिशी बट्टा खोजी गजबसित लड्थे कनि कनी ॥

१३/२३

प्रस्तुत पद्यमा खाना खानका लागि तछाडमछाड गर्ने मानवको वीभत्स  स्वरूप उतारिएको छ । जहाँ थुप्रो माथि थपी थपी खाने भोग्य प्रवृत्ति प्रदर्शित भएको छ । सबै प्रकारका खाद्यवस्तुमा लालचीपन देखाउँदै चाट्दै चुस्तै र्‍याल निकालेर टोक्तै खाने जुगुप्साजन्य घृणित स्वरूप देखाइएको छ । थालीमा भएका चिज माथि थप माग्ने चुस्तै डकार्दै पेटलाई बडेमानको भकारी सम्झने मानवको भोग्य रूप प्रदर्शित भएको छ । पाएका समयमा अधिक भक्षण गर्ने र अपाच्य भएपछि औषधीका रूपमा पाचक खोज्ने गर्दछन् । पाचकले वायु उत्पादन गर्दा निर्धक्क दुषित वायु निष्क्रमण गर्ने घृणित कार्यको अवस्था देखिएको छ । यसरी अधिक खाना खाएर र खाना खाएका समयमा असभ्यता देखाउने प्रवृत्ति प्रस्तुत भएको छ । प्रकृति चित्रणका क्रममा जुगुप्साजन्य वीभत्स स्वरूपको प्रस्तुति यहाँ पाइन्छ ।

**(ज) प्रकृतिको अद्भूत स्वरूप**

प्रकृतिका माध्यमबाट उत्साह, विस्मय जस्ता स्वरूप प्रस्तुत हुने रूप नै अद्भूत हो । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिको अद्भूत स्वरूपलाई यसरी प्रस्तुत गरिएको पाइन्छ :

हवामा विस्तारै ढुलु र मुलु गर्दै तलझरी ।
जटामा त्यो अल्झ्यो अलछिन बन्यो लर्कन सरी ॥
उदेकाएँ थाले रल मनले गम्न म पनि ।
विधाताले टाँस्यो मसरि कुन विज्ञापन भनी ॥

६/२३

हावाले क्रमशः आफ्नो गतिलाई कम पार्दै मुनी मुनी डुल्न थालेको र त्यो कार्य तरूका (वृक्षका) पत्रमा जटा झैं बनेर हावा अल्झेको छ । यसरी वायुको वेगलाई जटा रूपी पत्ताले समेटेको स्वरूप यहाँ प्रस्तुत छ । कुनै वस्तु जसरी जटामा अल्झिन्छ ठीक त्यसैगरी अल्झेर लर्केको अवस्थामा रूखका मुनि बसेका तपसी व्युँझिएका छन् । यो अवस्था देखेर सोचमग्न भएको तपसी ईश्वरले कुन कस्तो कार्य गर्न आट्यो भन्ने विचित्रता प्रकट गर्दछन् । आफू जस्तै स्वरूप कसको बन्यो भन्ने शङ्का यहाँ देखिन्छ । प्रकृतिको त्यस्तो अचम्मित, आश्चर्यपरक स्वरूपले यहाँ अद्भूत स्वरूपलाई प्रतिविम्बन गरेको पाइन्छ :

चिसो तातो सोमानलमय महादीपक दुई ।

दुवै हत्केलामा लिइकन कतै डग्न नदिई ॥

घुमाइ को कस्को हरबखत नीराजन विधि ? ।

अहो ! गर्दो होला मधुर छवि छर्दै निरवधि ॥

१६/२४

प्रस्तुत पद्यमा काव्यकारले प्रकृतिको अद्भुत स्वरूपलाई देखाएका छन् । चिसो र तातो दुईवटा दियो बालेर हत्केलामासमाई कसैको आरती प्रकृतिले गरिरहेकी छिन् । चन्द्रमाको चिसो स्वरूप र अग्निको तातो स्वरूपको दुवै दीपक हातमा अड्याएर सधैँभरि आरती गर्ने ऋतुकालीन परिवर्तनको प्रकृतिगत विचित्र स्वरूप प्रस्तुत भएको छ । दिन र रातमा प्रस्तुत हुने सूर्य र चन्द्रमाको तातो तथा चिसो स्वरूपको सङ्केत गरिएको छ । यसरी प्रकृतिको समय समयमा अलग अलग रूपमा देखा पर्ने आश्चर्यमयी कार्यावस्था देखाइएको छ । प्रकृति चित्रणका रूपमा प्रकृतको अद्भूत स्वरूपको चित्रण भएको पाइन्छ ।

**(झ) प्रकृतिको शान्त स्वरूप**

प्रकृतिका माध्यमबाट निर्वेद, धृति, स्थिर जस्ता स्वरूपको चित्रण नै शान्त स्वरूपहो । **तरुण तपसी नव्यकाव्यमा** यस प्रकारको स्वरूप अधिक मात्रामा पाइन्छ । त्यस प्रकारको चित्रण यसरी गरिएको छ :

लिएथे त्यो शिक्षा जबअनि घट्यो काष्ठकसला ।

उदायो निः स्वार्थ प्रणय मधुरको शीतल कला ॥

घृणाको निन्दाको सब शिथिल यो बाह्य विषय ।

भयो साह्रै हल्का सुखमय अनासक्त हृदय॥

७/१३

प्रस्तुत पद्यमा वास्तविक शिक्षाले असत्यलाई जितेर सत्यलाई उभ्याउँछ भनिएको छ । त्यस्तो ज्ञान प्राप्त भएपछि मनमा रहेका समस्या, कष्ट, कलुशता शान्त भएको र उदारता प्रेम रूपी मधुरताले स्थान पाएको भाव व्यक्त गरिएको छ । तपसीले जीवनमा शान्त रहनका लागि खोजेको शिक्षा प्रकृतिबाट प्राप्त गरेका छन् । घृणा, निन्दा जस्ता तुच्छ तत्त्वको लोप भएर अशक्त विषय वासना छुटेर सद्गुणी प्रेमभाव हृदयका भित्रि तहमा उत्पन्न भएको छ । जसले गर्दा सांसारिक मोह कोलाहलमय भावना हटेको छ । तपसीमा निस्वार्थपन चेतनाको जागृति उत्पन्न भएकाले प्रकृतिको शान्त स्वरूपको चित्रण प्रस्तुत भएको पाइन्छ :

सबै आये खाये प्रणय सित गाये गुण पनि ।
रमाये फैलाये सुयश तपसी धन्य छ भनी ॥
तपस्याको मेरो अभृतमय चिल्लो घन घाटा ।
फुट्यो वर्ष्यो झल्क्यो परम पावन घटा ॥

१०/१८

प्रकृतिमा फुलेका फूल र फलको भोग सबैले समान रूपमा गरेका छन् । सबै मानवले वृक्षमा लागेका फलहरूलाई रमाएर खाएपछि तपसी तरूको गुणगान गाएका छन् । तपसीको कठोर परिश्रमबाट निसृत फलको स्वाद लिन पाउँदा तपसी पनि खुसी देखिन्छन् । त्यस्तो कठोर मिहिनेतले फलेका फलमा अमृत रहेको र त्यसले सबैमा पावन घटा सुखानन्द वर्षाएको प्रकृतिको शान्त स्वरूप प्रस्तुत भएको छ । तरूमा निर्वेद धृति जस्ता स्थायी भावको उदयमयी त्यागमय स्वरूप प्रस्तुत गरिएको हुनाले प्रकृतिको शान्त स्वरूपको चित्रण पाइन्छ । प्रकृति दाता बनेर यहाँ उपस्थित भएको छ । सबै प्राणी आफ्ना सन्तान सम्झने भएकाले कठोर मिहिनेतबाट फल उत्पन्न गराएर समान रूपमा प्रदान गरेको पाइन्छ :

न ता शङ्का सुर्ताभय विरह बाधा छ उसमा ।
न निन्दा विद्वेष प्रभृति अरु दुर्दोष मनमा ॥
न देखिन्थ्यो काँही कटु वचनले दुषित गला ।
अहा ! कस्तो राम्रो अमृतमय त्यो जीवन कला ॥

१०/१२

प्रस्तुत पद्यमा विद्वेष विषमता रहितको तपसी जीवनको शान्त स्वरूपको वर्णन यहाँ पाइन्छ । सदैव सद्भाव व्यक्त गर्ने शङ्का, सुर्ता, बाधा वेदनाले रहित मनमा दुषित भावना नभएको स्वरूप देखाइएको छ । बोलीमा अनुहारमा र शारीरिक भावमा पनि तपसी निष्कपट उज्ज्वल बनेका छन् । अर्काको सुयश चाहने सद्मार्ग जीवन यापन गर्ने उनको दिनचर्या अमृतमय आनन्द बनेको छ । "परोपकार पुण्याय पापाय परपीडनम्" भन्ने शास्त्रोक्त वचनलाई अँगाल्ने तपसी साधक शान्तमय छ । यसरी प्रकृति चित्रणका रूपमा प्रकृतिको शान्त स्वरूपको प्रस्तुति यहाँ पाइन्छ ।

### २.३ रसको आलम्बनका रूपमा प्रकृति चित्रण

स्थायी भावलाई उत्पन्न गराउने कारणलाई आलम्बन विभाव भनिन्छ । साहित्यमा नायक नायिकाका रूपमा स्थापित गरिएको हुन्छ । **तरुण तपसी नव्यकाव्यमा** आलम्बनका रूपमा प्रकृतिको प्रयोग गरिएको छ :

उज्यालो आशाको चहक चुहुँदो चारु विजुली ।
जती गर्थ्यौ कालो घन पटलमाथी झिलीमिली ॥
उती हुन्थ्यो मेरो हृदय सहसा सर्र सरस ।
थियो मानू प्राणै उस घनघटाको परवश॥

२/२४

प्रस्तुत पद्यमा झिलिमिली उज्यालोले आशाको ज्योति छरेर कालो अन्धकार माथि साम्राज्य चलाएको छ । जति जति रात्रीको प्रहारमा विजुलीको चमक प्रस्तुत गर्थ्यो उति मनमा आनन्द छाएको भाव व्यक्त भएको छ । रात्रीको समयलाई आल्लादित बनाउन उज्यालो सफल भएको छ । संसारमा रहेका प्राणीहरूको प्राण नै उज्यालो रूपी विजुली बनेकाले प्राणदाताका रूपमापनि दरिएको छ । अन्धकारलाई हटाएर अमृत झैँ आशाको किरण पस्कने उज्यालो यहाँ आलम्बनका रूपमा स्थापित छ । प्रकृतिलाई आलम्बनका रूपमा यसरी प्रस्तुत गरिएको पाइन्छ :

निशाले छर्थी जो अमृत रस वा शीतलपन ।

उसैद्वारा गर्दै दिनभरको दाह समन ॥

२/२१

प्रस्तुत पद्यमा प्रकृतिको आलम्वन स्वरूप प्रस्तुत भएको छ । रात्रीको समयमा वर्षने अमृत रूपी शीतल रसले दिनभरको गर्मीलाई समन गरेको छ । दिनमा लाग्ने सूर्यले दिने तातो र त्यस बखत आफ्नो काममा तल्लिन हुने प्राणीका निम्ति रातको शीतलपना अमृत झैँ बनेको छ । सन्ध्याकालमा चल्ने हावाको आगमन र चन्द्रमाबाट प्राप्त हुने उज्यालो किरणले शीतलता प्रदान गर्दछ । यसरी रातको समय विश्रामको समय हुने र त्यस बेला प्रस्तुत हुने शीतल हावाको वेग र चन्द्रमाको अमृतरूपी किरण आनन्ददायक हुन्छ । त्यसबाट दिनको थकान मेटिएको छ । प्रकृति चित्रणका रूपमा रात्री आलम्बन विभावले युक्त भएको पाइन्छ ।

## २.४ निष्कर्ष

**तरुण तपसी नव्यकाव्य** २०१०सालमा प्रकाशित कृति हो । परिष्कारवादी कविका रूपमा स्थापित लेखनाथ पौड्यालले यस काव्यलाई आफ्नो रचनात्मक क्षमताको र काँट छाँट पूर्ण कुदिएको कलालाई प्रस्तुत गरेका छन् । कथावस्तु झिनो तथा पात्रको प्रयोगमा पनि न्यूनता पाइन्छ । लेखनाथले तरू र तपसी जीवन अन्तर संवादद्वारा काव्यलाई प्रस्तुत गरेका छन् । यस काव्यमा उनले प्रकृतिको विविध चित्रण वृक्षको जीवनी जस्ता पक्षलाई प्राकृतिक तवरले उल्लेख गरेको पाइन्छ । यस नव्यकाव्यको केन्द्रीय विषय प्रकृति हो । वृक्षकै उदारता, सहनशीलता, जीवनका अनेक सङ्घर्ष प्रकृति विनास जस्ता पक्षको वस्तुपरक चित्रण पाइन्छ । प्रकृतिको सौन्दर्य चित्रण विविधतामय स्वरूप यस काव्यमा पाइन्छ । परिष्कारवादी लेखनाथले प्रकृतिको तन्मय चित्रण प्रस्तुत गरेका छन् । आत्मपरक चित्रणको स्थान न्यून मात्रामा पाइन्छ । प्रकृति र मानवमा तादात्म्य स्थापना गरी पौड्यालले नव्यकाव्यमा प्रकृतिको मानवीकरण गरेको पाइन्छ । प्रकृतिको इन्द्रिय संवेद्यताको चित्रण यसमा गरिएको छ । प्रकृतिका माध्यमबाट छालासँग सम्बन्धित स्पर्श, जिब्रोसँग सम्बन्धित स्वाद, कानसँग सम्बन्धित ध्वनि, आँखासँग सम्बन्धित दृश्य र नाकसँग सम्बन्धित गन्धको इन्द्रिय संवेद्यताको चित्रण गरिएको पाइन्छ । प्रकृतिका शृङ्गार, करुण, हास्य, रौद्र विध्वंक, भयानक उराठिलो रहस्यमय जस्ता स्वरूपको चित्रण यसमा गरिएको छ । प्रकृतिको करुण स्वरूप र शान्त स्वरूपको चित्रण अधिक मात्रामा गरिएको देखिन्छ भने वीभत्स स्वरूपको चित्रण कम मात्रामा गरिएको छ । त्यस्तै विम्ब प्रयोगमा गन्ध विम्ब, स्वाद विम्ब, ध्वनि विम्बको प्रयोग गरिएको पाइन्छ । प्रकृतिलाई ज्ञान प्रदाताका रूपमा र सन्देश वाहकका

रूपमा लिइएको छ । प्रकृति चित्रणका क्रममा प्रतीक र अलङ्कारको प्रयोग आलम्बन र उद्दीपनका रूपमा भएको पाइन्छ । नदी, किनार, साँझ, विहान, चन्द्रोदय,  सूर्योदय, वन, पर्वत जस्ता स्थलहरूको प्रमुख स्थान प्रकृतिका रूपमा पाएका छन् । यसरी प्रकृति चित्रणका दृष्टिले**तरुण तपसी नव्यकाव्य** अब्बल देखा पर्दछ ।

## तेस्रो अध्याय

# प्रकृति चित्रणका पद्धति

### ३.१ विषय परिचय

प्रकृति जे जस्तो देखिन्छ, सुनिन्छ, छोइन्छ अर्थात् आँखाका निम्ति रूपरङ्ग, कानका निम्ति ध्वनि, नाका निम्ति गन्ध, जिब्राका निम्ति स्वाद र छालाका निम्ति स्पर्श विशेष रूपमा रहनु नै इन्द्रिय संवेद्यता हो । मानवका ज्ञानेन्द्रियलाई प्रभाव पार्ने प्राकृतिक सौन्दर्यको चित्रण लेखनाथ पौड्यालले **तरुण तपसी नव्यकाव्यमा** गरेका छन् । **तरुण तपसी नव्यकाव्यमा** प्रस्तुत भएका इन्द्रिय संवेद्य प्रकृति चित्रणलाई प्रस्तुत गरिएको छ,

### ३.२ प्रकृतिको वस्तुपरक चित्रण

**तरुण तपसी नव्यकाव्य** प्रकृतिको चित्र उतारिएको प्राकृतिक काव्य हो । काव्यकारले यसमाप्रकृतिका विभिन्न स्वरूपको चित्रण गरेका छन् । प्रकृतिको वास्तविक सौन्दर्यलाई विशुद्ध, निर्मल अविकृत, स्वच्छ यथार्थ चित्रण गर्नु प्रकृतिको वस्तुपरक चित्रण हो । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिको वस्तुपरक तन्मय चित्रण यसरी गरिएको छ :

जटामा लट्टामा चपल चिडियाको चह चह ।
उतात्यो चौकीमा विविध वटुवाको तह वह ॥
दुगुर्थे लोखर्के प्रभृति विचरा बीच विचमा ।
थियो मानु मेला मधुर उसबेला नगिचमा॥

८/१२

प्रस्तुत पद्यमा रूखका हाँगामा, पत्तामा चराहरू बसेका छन् । साथै रूखका मुनि चौकीमा बाटो हिँड्ने बटुवाहरू विश्रामका निम्ति बसिरहेका छन् । तरूका वरपर साना साना लोखर्के आदि प्राणीहरू दौडन्छन् । वृक्ष मानिसहरूको क्षणिक विश्रामालय बनेको छ । लोखर्केको दौडाई र चराहरूको चिरीविरीले मधुरता थपेको छ । यसरी वृक्षका तल माथि बसेका पंक्षी प्राणी र मानिसका कार्यको वस्तुपरक प्रकृति चित्रण यहाँ प्रस्तुत भएको पाइन्छ :

कठै ! चिल्यो कन्था फगत लिपिटो मात्र हरमा ।
कलेटीको खस्रो अति मलिन रेखा अधरमा ॥
गडेका खोपाभ्कै नयन युग आँशु गहभरी ।
बगेको देखिन्थ्यो कर चरण काम्यो थरथरी ॥

९/५

प्रस्तुत पद्यमा काव्यकारले प्रकृतिको वस्तुपरक चित्र उतारेका छन् । जसमा फाटेका थोत्रा भ्कुत्रै भ्कुत्रा परेका वस्त्रले शरीर ढाकेर बसेको दीन दुःखी मानिसको प्रस्तुति पाइन्छ । आँखाबाट बर्सेका आँसु र जाडोले काम्न विवश तस्विर प्रस्तुत भएको छ । वृक्षका नजिकमा

बसेको एक यात्रीको वास्तविक रूप यहाँ पाइन्छ । आँखा ठूला खोविल्टा झैँ परेका छन् । सधैँभरि जलधार वर्षाइरहने आँखामा कतै पनि खुसीको बहार छैन । थोत्रा धुजा परेका कपडाले ढाकिएको शरीर लिएर बसेका मानिसको वस्तुपरक चित्रण लेखनाथ प्रस्तुत गर्दछन् । यसरी प्रकृतिको तन्मय चित्रण यहाँ प्रस्तुत भएको पाइन्छ :

न कोही बाँकी भो वन, नद, नदी, शैल शिखर ।
न ता झुप्रो, छाप्रो, शहर घर वा वस्ति वगर ॥
जहाँ हेरयो सम्मै, भुवन सब भो गाजलमय ।
खडा भैगो मानू विकट भय वा विश्व विलय ॥

१/९

प्रस्तुत पद्यमा प्रकृतिको वस्तुगत चित्रण प्रस्तुत भएको छ । पृथ्वीको सबै नदी, वन, पहाड, हिमाल सबैतिर अनेक रङ्ग छाएको छ । साना साना घर झुप्रा तथा वस्तीहरूले सजिएका छन् । सर्वत्र प्रकृतिका काखमा विविधतामय रूप फैलिएको छ । पृथ्वीमा रहेका सबै संरचनाहरू अनेक प्रकारका र हिमाल, पहाड, तराईका फाँट भरिपूर्ण देखिन्छन् । प्रकृतिका काखमा फैलिएका नाना रूप संरचनाले प्रकृतिको शृङ्गारको चित्रण प्रस्तुत भएको छ । विश्व प्रकृतिको चम्कावट रङ्गीचङ्गी रूपको चित्रणले प्रकृतिको वस्तुपरक चित्रणलाई प्रस्तुत गरेको पाइन्छ :

हवाको नाधी त्यो खटन वँटवारा हठ गरी ।
जथाभावी डोकाहरू सहित जावी तक भरी ॥
बटुल्थे लोभीले जब अधिक खान अनि पछि ।
म भन्थे त्यो देखी मन मन घिनाई कन छिछि ॥

१०/१९

प्रस्तुत पद्यमा काव्यकारले प्रकृतिको वस्तुपरक चित्रण गरेका छन् । रूखमा फलेका लटरम्म फलहरू झार्दै आफ्नो झोली भर्ने मनुष्यको लोभीपना प्रस्तुत भएको छ । हावाले स्वयम् झार्न सक्ने फलहरूलाई आफैँ लौरोको सहाराले मनुष्यहरू झार्दछन् । त्यसरी

एकत्रित गरिएका फलहरू डोका, थुन्से आदिमा कोची कोची भर्ने कार्यको वास्तविक चित्र प्रस्तुत भएको छ । त्यस्ता फलहरू आदाखाने अनि आफ्नो झोलीमा भर्ने लोभीपनलाई प्रस्तुत गर्ने कार्यको प्रस्तुति यहाँ पाइन्छ । यसरी काव्यकारले प्रकृतिको वास्तविक चित्रण प्रस्तुत गरेका छन् ।

### ३.३ प्रकृतिको स्पर्श संवेद्यता

प्रकृतिका माध्यमद्वारा स्पर्श गरिन्छ तथा छोइन्छ त्यसलाई प्रकृतिको स्पर्श चित्रण भनिन्छ । **तरुण तपसी नव्यकाव्यमा** स्पर्श संवेद्य चित्रण गरिएको पाइन्छ । जसलाई यसरी प्रस्तुत गरिएको छ :

हवा चल्दै आयो सिरिसिरि पछिल्लो पहरमा ।

बजायो तन्द्राले मधुर मुरली मस्त सुरमा ॥

१/१३

प्रस्तुत पद्यमा प्रकृतिको स्पर्श संवेद्य चित्रण पाइन्छ । दिनको अन्तिम समयमा मधुर हावा चलेको छ । सन्ध्याको समय भएकाले त्यस हावाले दिनभरको थकानलाई मेटाई दिएको छ । हावाको शीतल स्पर्शबाट शरीरमा आनन्द छाई निद्राको आभास लिन पुगेका छन् ।हावाको स्पर्शबाट उत्पन्न हुने आनन्दको कथन पाइन्छ । ज्ञानेन्द्रियले प्राप्त गर्ने अनुभवको स्पर्श सुखको चित्रण प्रकृतिका माध्यमबाट प्रस्तुत भएको पाइन्छ :

हवापानी तात्यो धरणितल तात्यो, नभ पनि ।

अँगेनु भैहाल्यो रवि किरण बल्दा दनदनी ॥

ठुला साना प्राणी सकल उसमा पिल्सिन गये ।

म त्यो बेला टिक्थे कसरि बलियो दैव नभए ? ॥

२/१८

प्रस्तुत पद्यमा प्रकृतिको स्पर्श संवेद्य चित्रण प्रस्तुत भएको छ । सर्वत्र प्रकृतिमा उष्णता छाएको छ । हावा, पानी, पृथ्वी, आकाश मण्डल सबै तातेका छन् । सूर्यको तेजले सबै वायुमण्डल कठिन तातोमय बन्न पुगेका छन् । सबैतिर तातो भएकाले आगो बाल्ने अँगेनु झैँ प्रकृतिको वातावरण उत्पन्न भएको छ । यस्तो प्रकृतिको प्रचण्ड तेजले सबै प्राणीहरूलाई बाँच्न सकस भएको अवस्था छ । सूर्यका तेजले उष्णरूपी प्रकोप उत्पन्न भएकाले प्रकृतिको इन्द्रिय संवेद्य स्पर्श चित्रण प्रस्तुत भएको पाइन्छ :

मदारी झैँ छोप्तै नजर सबका गुम्म कुइरो ।

घुस्यो मानु रोप्तै मुटुबिच तिखो शीत सुइरो ॥

जगत्मा चौतर्फी मलिन झुसिलो भाव भरियो ।

दिनश्रीको साथै तजन सकल मेरो गँगरियो ॥

४/४

प्रस्तुत पद्यमा प्रकृतिको शीतलताको मुक्त स्पर्श संवेद्य प्रकृति चित्रण पाइन्छ । चटक देखाउने चटके झैँ कुइरोले छोपेर मुटुमा चिसो सुइरो रोपे झैँ भएको छ । प्रकृतिमा उत्पन्न हुने शीतकालीन समयको चिसोको प्रभाव सर्वत्र फैलिएको छ । शरीर थर थर काम्न विवश छ । घरी घरी उडेर आउने कुइरोले वायुमण्डल तथा सूर्यलाई ढाक्ता थप कष्टकर भएको छ । शीतलको मौसमी प्रकोपले मानव मात्र नभएर दिनलाई पनि असहज अवस्था भएको छ । शरीरलाई कष्टसाध्य बनाउने तथा मुटुका तहसम्म सुइरो झैं घोपने प्रकृतिको चिसो समयको स्पर्श संवेद्य प्रकृतिका रूपमा प्रस्तुत भएको पाइन्छ :

निशाले छर्थे ओ अमृत रस वा शीतलपन ।

उसैद्वारा गर्दै दिवसभरको दाह-शमन ॥

जती चढ्थ्यो राती विकल मुटुमा जीवन बल ।

उती घट्दै जान्थ्यो दिनभर सबै त्यो तलतल ॥

२/२१

प्रस्तुत पद्यमा प्रकृतिको रात्रीकालीन स्पर्श संवेद्य चित्रण प्रस्तुत भएको छ । रातको समयमा प्राप्त हुने चन्द्रमाको शीतलता अमृत समान हुने र त्यसले दिनभरको थकानलाई मेटाएको भाव व्यक्त भएको छ । यसरी रातको समयमा क्रमशः शरीरमा बलको पुनर्बहाली हुने हुनाले रात्रीको समय ऊर्जामय बनेको छ । रात्रीका प्रहरमा चल्ने वायुको आनन्दले शरीरमा थप स्फुर्ति भर्दछ । जसबाट दिनमा कर्मको लागि उत्साह थपिने कथन पाइन्छ । यसरी प्रकृतिबाट प्राप्त स्पर्श संवेद्यताको चित्रणले प्रकृतिको इन्द्रिय संवेद्य प्रकृति चित्रण प्रस्तुत भएको पाइन्छ ।

### ३.४ प्रकृतिको ध्वनिसंवेद्य चित्रण

प्रकृतिका माध्यमबाट जे जस्तो ध्वनि आवाज उत्पन्न हुन्छ । त्यसैलाई प्रकृतिको ध्वनि संवेद्य चित्रण भनिन्छ । **तरुण तपसी नव्यकाव्यमा** गरिएको प्रकृतिको ध्वनि चित्रणलाई यसरी प्रस्तुत गरिएको छ :

बजाई चौतर्फी विजय नगरा त्यो घननन ।
उढी ठाडै गर्जी भुवनभर घुम्दै फननन ॥
खडा भो कृष्णाऽऽत्मा जलद जब तेही बखतमा ।
चढ्यो मेरो शोकाऽऽकुल मन खुशीको तखतमा ॥

२/२३

प्रस्तुत पद्यमा प्रकृतिको ध्वनि चित्रण प्रस्तुत भएको छ । चारैतिर मेघले विजयको घण्टा बजाएको छ । पानी पार्नका निम्ति विजुली चम्कावट र मेघाको गर्जनले वायुमण्डल ध्वनिमा बनेर गुञ्जिएको छ । पानी वर्षाउने मेघले कालो स्वरूप ग्रहण गरेर आकाशको निलोपनलाई पूरै ढाकिदिएको छ । आकाश मण्डलमा नटराजभैँ नाट्यघरमा ध्वनि बजाउँदै सबैतिर दौडिएको छ । मेघले आकाश कालो बनाएर घनघोर वर्षा गरेको छ । यसरी वर्षा भएको समयमा मेघ गर्जनु, विजुली चम्कनु र पानी पर्दा तप्प तप्पको सङ्गीतमय गुञ्जायमान ध्वनिको प्रस्तुति भएको छ । प्रकृतिको ध्वनि संवेद्य चित्रण यहाँ प्रस्तुत भएको पाइन्छ :

नफेरी त्यो फेरी निमिषभर कोल्टोतक पनि ।

पला झैँ गैहाल्यो थकिन तिनको दीर्घ रजनी ॥

तिखो चुच्चो खाली चटुला कुखुराले चरचरी ।

चिरयो त्यो सन्नाटा सकल कुखुरीकाँ रव गरी ॥

८/२०

रातको समयमा विश्राम गर्ने प्राणीका निम्ति विहानीको सङ्केत कर्ता कुखुरा हो । तिखो चुच्चो भएको त्यस प्राणीले रातको शान्त अवस्थालाई चिर्दै आफ्नो चुचो वायेको छ । शयन अवस्थामा रहेका मनुष्यहरूलाई उठाउन अलारामको ध्वनि कुखरीकाँमा गर्जेको छ । अरूणोदयको स्वागतकर्ता र विहानीको सङ्केतका रूपमा कुखुरालाई प्रस्तुत गरिएको छ । आदिम समयदेखि सदैव आफ्नो आवाज निकाल्दै मनुष्यालाई झकझक्याउने कुखुराको ध्वनि प्रस्तुत भएको छ । यसरी प्रकृतिको ध्वनि संवेद्य चित्रण यहाँ भएको पाइन्छ :

जहाँ जे भेट्टायो प्रणयसित खायो फलफुल ।

चुचो बायो गायो मधुर सुरमा तृप्ति गजल ॥

अहो ! त्यस्तो राम्रो बिहग कुलको चाल चलन ।

शिकोस् ता यो लोभी मनुज किन हुन्थ्यो र पतन ॥

२०/३३

प्रस्तुत पद्यमा प्रकृतिको ध्वनिपरक प्रकृति चित्रण प्रस्तुत भएको छ । प्रकृतिमा फलेका फलफूल जस्तो भेट्टायो त्यसलाई प्रेमसँग खाने चराले आफ्नो चुच्चो बाउदाको ध्वनि प्रसङ्ग प्रस्तुत भएको छ । साना साना अन्नका कणहरू खाएपछि चराले निकाल्ने चिरीबिरी आवाज कानका निम्ति आस्वाद्य बनेको छ । रूखका पत्ता, हाँगामा बस्ने र कलरव ध्वनि पस्कने चराको जीवन मनोमय बनेको छ । सानो चुच्चोद्वारा साना साना कण टिप्ता निकाल्ने कऱ्याङकुरुङ्ग आवाज कानका निम्ति श्रवणीय बन्दछ । यसरी प्रकृतिका फूल, तथा धरातलमा घुम्ने पक्षीहरूले निकाल्ने आवाजको प्रसङ्गले प्रकृतिको ध्वनिपरक चित्रण प्रस्तुत भएको पाइन्छ ।

### ३.५ प्रकृतिको दृश्य संवेद्य चित्रण

मानवीय इन्द्रिय वा आँखाले प्रकृतिको जे जस्तो रूप रङ्ग देख्दछन् त्यसको त्यही रूपमा चित्रण गर्नु प्रकृतिको दृश्य संवेद्यता हो । प्रकृतिका माध्यमद्वारा जुन किसिमकोरूपरङ्गले आँखालाई आकर्षित गरेको हुन्छ त्यसलाई नै प्रकृतिको दृश्य चित्रण भनिन्छ । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिको दृश्य संवेद्य चित्रण गरिएको पाइन्छ :

कसी तेर्छौ चिल्लो घनपटलको नील कवरी ।

धरी उस्मा रातो चहक मसिनू चादर सरी ॥

चलो हाली सन्ध्या रमणि सवकै रङ्ग रसमा ।

डुवी खेल्दै खेल्दै मधुर छवि छर्दै निमिसमा ॥

१/६

प्रस्तुत पद्यमा प्रकृतिको इन्द्रिय संवेद्य दृश्य चित्र प्रस्तुत गरिएको छ । सायकालीन सन्ध्याको समयमा नीलो आकाश रातो भएको छ । सूर्य अस्ताचलतर्फ लाग्दाको रमणीय दृश्य प्रस्तुत भएको छ । जब सूर्य अस्ताउन लाग्छन् तब सबैतिर उक्त रश्मीले भिजेको नयाँ स्वरूप प्रकृतिमा झल्केको छ । दिनको विश्रामका निम्ति अघि बढ्ने सूर्यले अस्ताउँदा अलि

अलि हल्लिदै रातो स्वरूप ग्रहण गर्दछन् । त्यस बेलाको समय रमाइलो बन्ने र प्रकृतिमा रमाइलो हुने भाव व्यक्त भएको छ । यसरी सन्ध्याकालको रमणीय रङ्गरसलाई दृश्य रूपमा प्रकृतिको चित्रण गरिएको पाइन्छ :

हटाई पर्दा त्यो मलिन तमको मङ्गल गरी ।

छरी रातो रोरीमय चहक राम्रा नट सरी ॥

उदायो वा आये जवरवि खुला नाट्य घरमा ।

तमासा अर्कै भो अति सकल संसार भरमा ॥

८/२४

प्रस्तुत पद्यमा प्रकृतिको दृश्य चित्रण प्रस्तुत भएको छ । **तरुण तपसी नव्यकाव्यमा** काव्यकारले जगत्को कालोपनलाई हटाउन सूर्य उदाएको देखाएका छन् । सूर्य उदाएपछि सबैतिर मङ्गल भएको छ । आफ्नो रातो स्वरूप र चमकले जगत्मा सप्तरङ्गी चित्र प्रस्तुत भएको छ । संसारको नाट्य घरमा विस्तारै नटरा झैँ सूर्य उदाएका छन् । सूर्य उदाएपछि पृथ्वी चम्किलो नाना रूपमा परिणत भएको छ । वन, वनस्पति,  शिखर, हिमाल सबैतिर उज्यालो फैलिएको छ । कालो, अन्धकार हराएर उज्यालो प्रकाशले संसार मुस्कुराएको भाव व्यक्त गरिएको छ । यसरी सूर्यको उदय समयलाई प्रकृतिको दृश्य चित्रका रूपमा प्रस्तुत गरिएको पाइन्छ :

शरत्को बेला होस् अमृतकर लाखौ टहटह ।

उदाऊन् बेदागी गगनभर गर्दै चहचह ॥

१/१७

शरद् कालको समयमा आकाशमा उदाउने चन्द्रमाको स्वच्छ छविको कथन प्रस्तुत भएको छ । उज्यालो बनेर वेदागी चम्कने चन्द्रमाको स्वरूपलाई यहाँ प्रस्तुत गरिएको छ । शरद् ऋतुमा आकाशमण्डल सफा सुग्घर हुने र चन्द्रमा पूर्ण रूपमा उदय हुने भएकाले त्यस समयमा आकाशमण्डल तथा पृथ्वीमा चन्द्रमाको किरण पूर्ण रूपमा फैलिएको हुन्छ । रातको समयमा चन्द्रमाको किरण अमृत समान शीतल हुने भाव यहाँ पाइन्छ । यसरी चन्द्रोदयको रात्रीपरक प्रसङ्गले युक्त प्रकृतिको दृश्य संवेद्य प्रकृति चित्रण यहाँ प्रस्तुत भएको छ :

पखेटा खुल्दा त्यो क्षणभर हिराझै झिलमिली ।

नखुल्दा वा आउदा गहन तमभित्रै झिलिलिली ॥

घडी झिम्क्यो चम्क्यो चमचम घडी यै क्रम गरी ।

हजारौं देखायो चटकमय लीला हरि ! हरि ॥

१२/८

प्रस्तुत पद्यमा रात्रीकालीन जूनकिरीको दृश्य चित्रण प्रस्तुत भएको छ । जूनकिरीले पखेटा खुल्दा सबैतिर चम्किलो चमक छाएको छ । जब पखेटा बन्द हुन्छन् तब अँध्यारो

वास गर्न पुग्दछ । जूनकिरीले बारम्बार आफ्नो पखेटा खोल्ने र बन्द गर्ने क्रम गरिरहनाले रात्रीको समयमा देखिने चटक जादुमय अवस्थाको भाव व्यक्त गरिएको छ । सानो किराका पखेटा बल्ने र बन्द हुने क्रमलाई भगवानको लिलाका रूपमा चित्रण गरिएको छ । यसरी आँखाका निम्ति त्यस जूनकिरीको सानो उज्यालो अवलोकनीय तारा झैँ देखिन्छ । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिमा देखिने जूनकिरीको उज्यालोको प्रसङ्ग दृश्य संवेद्य चित्रका रूपमा प्रस्तुत भएको पाइन्छ ।

### ३.६ प्रकृतिको गन्ध संवेद्य चित्रण

मानवका नाकले प्रकृतिका जे जस्ता गन्ध वा वासनाको अनुभव गर्छ त्यही नै गन्ध संवेद्यता हो । प्रकृतिका विविध प्रकारका सुगन्ध परागको चित्रण काव्यमा गरिएको पाइन्छ । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिको गन्धको चित्रण गरिएको पाइन्छ :

सबै आऊन पाऊन कठिन तपको उज्ज्वलफल ।
नहोस तेरो मेरो भनि कलह यद्वा खलबल ॥
म भन्थे त्यो सारा पटु पवन म्यनेजर बनी ।
सबैलाई दिन्थ्यो महकमय विज्ञापन पनि ॥

१०/१५

प्रस्तुत पद्यमा प्रकृतिको गन्धपरक प्रकृति चित्रण प्रस्तुत भएको छ । वृक्षमा फलेका फलहरू तपसीको परिश्रमबाट उत्पन्न भएका छन् । सबैतिर फलको सुगन्ध फैलिएको छ । मधुर मीठा फलमाथि कसैले हकदावी नगरुन् । सहजरूपमा प्रकृतिमा पाकेका फललाई स्वीकार गरुन् भन्ने भाव पाइन्छ । वृक्ष पुरै फलले भरिपूर्ण छ । फलको सुगन्ध सबैलाई आकर्षित गर्न सक्षम छ । प्रकृतिले उत्पादन गर्ने स्वच्छ फलको आस्वादन सबैले गरुन् भन्ने तपसीको मनोकामना पनि प्रस्तुत भएको देखिन्छ । यहाँ प्रकृतिको गन्धपरक प्रकृति चित्रण प्रस्तुत भएको छ :

कसैका कन्थाको विकट बदबुले हरघडी ।
झुकी बस्नुपर्थ्यो जिनतिन दुवै नाक पकडी ॥

कसैले पैह्नेका तरल खुसवुको महकमा ।

हावा पौडी खेल्थ्यो पल पल खुशीको बहकमा ॥

१३/१९

प्रस्तुत पद्यमा काव्यकारले प्रकृतिको गन्ध चित्रण प्रस्तुत गरेका छन् । कुनै यात्री तरूका निकटमा बस्दा उसको शरीरबाट निस्कने पसिना युक्त गन्धले तपसीलाई बडो कष्टकर भएको छ । नाकमा असह्य पीडा प्रदान गर्ने त्यस्तो कठिन दुर्गन्धको चित्रण प्रस्तुत गरिएको छ । कुनै यात्रीले लगाएका सुन्दर पहिरनबाट आनन्द लिने सुगन्ध फैलिएको छ । जब सुगन्धको बासना चल्न थाल्छ तब खुसीको पल जागृत हुन्छ । प्रकृतिमा प्रस्तुत भइरहने सुगन्ध र दुर्गन्धको मनोहर तथा कष्टमय चित्र उतारिएको छ । काव्यकारले नाकका निम्ति सुगन्ध र दुर्गन्धको प्रकृति चित्रण यहाँ प्रस्तुत गरेको पाइन्छ ।

### ३.७ प्रकृतिको स्वाद संवेद्य चित्रण

प्रकृतिका वस्तुलाई चाख्दा अनुभव हुने स्वादको चित्रण नै स्वादपरक चित्रण हो । जिब्राका निम्ति आस्वाद्य चित्रणको प्रस्तुति **तरुण तपसी नव्यकाव्यमा** गरिएको पाइन्छ :

जसै बल्झे माखा मसक विचरा जाल बिचमा ।

अनी कालो कालोपम शठ शिकारी नगिचमा ॥

पुगी दाह्रा धस्यो रगत सव चुस्थ्यो तननन ।

म आँखा चिम्लन्थे सहन नसकी त्यो शठपन ॥

२/१४

प्रस्तुत पद्यमा काव्यकारले प्रकृतिको स्वादपरक इन्द्रियपरक संवेद्य चित्रण प्रस्तुत गरेका छन् । शिकारी कालका रूपमा प्रस्तुत भएर वाणका सहायताले चराको हत्या गर्दछ । वाणको जाल थापेर अवोध चराको ज्यान व्याधाले लिएको छ । मृतात्मा पक्षीको रगत पान गर्ने व्याधा भयानक रूपमा देखा पर्दछ । सानो चराका शरीरमा रहेको सबै रगतलाई व्याधाले पान गरेर रमाएको छ । दाह्रा धस्तै त्यस चराको शरीरलाई आफ्नो आहारा सम्झने शठले स्वादिलो रूपमा भोग गरेको छ । यसरी प्रकृतिको चित्रणका रूपमा इन्द्रिय संवेद्य स्वादपरक चित्रण यहाँ प्रस्तुत भएको पाइन्छ :

सबै आये खाये प्रणय सित गाये गुण पनि ।

रमाये फैलाये सुयश तपशी धन्य छ ! भनी ॥

१०/१८

प्रस्तुत पद्यमा प्रकृतिको स्वादपरक प्रकृति चित्रण पाइन्छ । वृक्षमा फलेका फलहरू सबै मनुष्यहरूले समान रूपमा उपभोग गरेका छन् । वृक्षमा फलेका फलहरू तपसीको तपस्याको प्रभावबाट उत्पन्न भएका छन् । त्यस्तो सुन्दर मधुर फलको उपभोगबाट खुसी हुँदै तपसीको धन्यगीत गाएका छन् । प्रकृतिमा फुल्ने फल्ने फलको मोहकता सर्वत्र फैलिएको भाव व्यक्त भएको छ । स्वादिला फल प्रदान गर्ने वृक्षको तपस्या सुखका रूपमा परिणत भएको छ । वृक्षको शोभा सुगन्धयुक्त स्वादिला फल नै हुन् भन्ने भावोदय पाइन्छ । यसरी प्रकृति चित्रणका रूपमा स्वाद परक प्रकृति चित्रण प्रस्तुत भएको पाइन्छ ।

### ३.८ प्रकृतिको मानवीकरण

प्रकृतिलाई मानव झैँ चेतन तत्त्वका रूपमा आरोप गर्नु मानवीकरण हो । **तरुण तपसी नव्यकाव्य** प्रकृतिकै सेरोफेरोमा आधारित काव्य हो । यसमा काव्यकारले प्रकृतिलाई विभिन्न रूपमा आरोपित गरेका छन् :

पुरी मेदै माटो दनुज दुईको सागरभरी ।

हवादारी गारा चिनिकन दिशाको वरिपरी ॥

सफा नीलो तारा जडित गगनै छादन कसी ।

बनाएको राम्रो भुवन कुटियाको म तपसी॥

१/२९

तरूमा रहेका तपसीको बसाइँ वृक्षमा रहेको छ । माटो बोसोद्वारा निर्मित शरीरको बनावटले युक्त छ । चारै दिशाको हावारूपी गारोको सुरक्षित भवनमा उनी बसेका छन् । आकाशको छादन सफा स्निग्ध उज्यालोमय चम्किलो बनेको छ । यस्तो राम्रो पृथ्वीमा तपसीको घरको परिकल्पना गरिएको छ । सुन्दर वृक्षलाई विशाल सुरक्षित चम्कायमान महलका रूपमा स्थापित गरिएकाले प्रकृतिको मानवीकरण व्यक्त भएको छ । मानवले जसरी

आफ्नो आवास गृह विभिन्न वस्तुहरूको समिश्रणबाट निर्माण गर्छन् त्यसैगरी तपसीको वासस्थान पनि रूखका हाँगा, पत्र तलतिरको माटो वृक्षका बोक्रा सबैलाई मानव रूपमा परिणत गरिएको पाइन्छ । यसरी प्रकृति चित्रणका रूपमा मानवीकरणको स्वरूप प्रस्तुत हुन गएको छ :

पिट्यो पाता कस्तै विकट रिपु भै शीत शढले ।

तुषारोले माऱ्यो शिर सब थिची लात्ति हठले ॥

चुट्यो, टोक्यो, ठोक्यो अधम हिमले हुर्मत लियो ।

हुरीले मुण्ट्यायो विकट गलहत्ती तक दियो ॥

४/५

प्रस्तुत पद्यमा प्रकृतिको शीतपरक मानवीकरणको स्वरूप प्रस्तुत भएको छ । चिसो हावाले शत्रु भैँ सम्झेर पिटिरहेको छ । जोड जोडले चल्ने हावाको गति कष्टकर बनेकाले अति नै पीडा भएको भाव पाइन्छ । हेमन्त ऋतुमा वर्षने तुषारोले शिरलाई थिच्दै कसेर बजाएको लात्ती भैँ प्रतीत भएको छ । हिमको वर्षा अधम काल बनेर अङ्ग अङ्गमा पिट्दैछ । ऋतुकालीन प्राकृतिक परिवर्तनको नाना रूपको चित्रण यहाँ प्रस्तुत भएको छ । वृक्षमा ठोकिने हावाको वेग चिसो हावा तुषारोको वर्षाइ हिम पिटाइ असह्य पीडक बनेको छ । प्रकृतिमा हुने अनेक रूपलाई मानवीय कर्मका रूपमा प्रस्तुत गरिएको छ । तरूलाईमानवीय संवेदनाको स्वरूप दिइएको छ । प्रकृति चित्रणका रूपमा प्रकृतिको स्वरूप मानवीय सजीवताका रूपमा प्रस्तुत भएको पाइन्छ :

गये ढल्दै ढल्दै, तल तल हुँदै कत्ति नअडी ।

गुते अग्ला अग्ला हिमशिखरले कान्ति पगडी ॥

३/३४

विस्तारै विस्तारै कतै नअडिकन सूर्य अस्ताचल तर्फ लागेका छन् । यस्तो स्थितिमा ठूला ठूला हिउँले भरिपूर्ण शिखरमा सूर्यको रातो किरण पर्न गएको छ । सूर्यको अस्ताउँदाको किरण हिमालहरूमा शिरमा बाँधिने फेटा भैँ प्रतीत भएको छ । अग्ला हिमशिखरले रमाई रमाई फेटा ओडेको र सूर्य मानव भैँ विस्तारै दौडेर अस्ताचल तर्फ लागेको स्वरूप प्रस्तुत

भएको छ । सूर्यको गति र हिमशिखरमा देखिने सूर्यको ज्योति मानवीकृत सजीवताका रूपमा प्रस्तुत भएको पाइन्छ । यसरी प्रकृतिको मानवीकरणको चित्र प्रकृति चित्रणका रूपमा प्रस्तुत भएको पाइन्छ :

दुवै आँखा चिम्ले प्रकृति सव यो मस्त दिनमा ।
निदायेको साह्रै कठिन डरलाग्दो समयमा ॥
न जाने त्यो त्यस्तो किसिमसित के खोजन भनी ।
सिटो बाली घुम्थ्यो निरतिमय उत्साहित बनी ॥

१२/१०

प्रस्तुत पद्यमा प्रकृतिको संध्यावर्णनमा मानवीकरणको स्वरूप प्रस्तुत भएको छ । सन्ध्याको समयमा भएको अँध्यारोलाई प्रकृतिले विश्राम गरेको कल्पना गरिएको छ । दुवै आँखा चिम्लनु र मस्त निद्रामा सुत्नु मानव कर्म हो । सबैतिर कालो अन्धकारमय अवस्था छाएको छ । सूर्य र चन्द्ररूपी प्रकृतिका आँखा बन्द छन् । कतै केही चिन्तन वा आफ्नो सामान खोज्ने कार्य झैँ जूनकिरी सानो उज्यालो बोकेर निस्केको छ । सबैतिर अन्धकार छाएको समयमा जूनकिरीले आफ्नो पखेटा बाल्दा मानवले प्रयोग गर्ने टचलाइट झैँ प्रतीत भएको छ । सन्ध्याको समयमा प्रस्तुत हुने अन्धकार र त्यस समयमा देखिने जूनकिरीको उज्यालो मानवीकृत रूपमा प्रस्तुत भएको छ । प्रकृति चित्रणका रूपमा प्रकृतिको मानवीकरणको स्वरूप यहाँ पाइन्छ :

पखाली ज्योत्स्नाले मुखमलिनता दोष रजनी ।
भये राम्री गोरी अब त म भनी गद् गद बनी ॥
सफा ऐन जस्ता विमल सरमा कान्तिमुखको ।
झुकी हेर्थी मानु अनुभव लिदै स्वर्ण सुखको ॥

१६/७

प्रस्तुत पद्यमा ज्योतिले आफ्नु मलिन मुख धोएर खुसी हुने प्रकृतिको मानवीकरणलाई प्रस्तुत गरिएको छ । विहानको समयमा उज्यालो ज्योतिले आफ्नो मुखलाई सफा गरी धोएर मलिनता हटाउने प्रकृतिको भाव व्यक्त गरिएको छ । सबैतिरको कस्मल उज्यालोले हट्छ तब प्रकृति दोषरहित हुन्छन् । त्यस्तो दिव्य छटा प्राप्त गरेपछि आनन्द लिन सबैतिर घुम्ने र

सुखस्वर्ग अनुभव गर्ने प्रकृतिको चित्रण यहाँ उतारिएको छ । जलाशयमा आफ्नो मुहारलाई हेर्ने र मुखमा चम्केको कान्तिलाई स्वर्गीय सुखका रूपमा लिने प्रकृतिको वर्णन भएको छ । यहाँ प्रकृतिको विछट्ट चञ्चला रूपका साथै सारा जलासय स्निग्ध स्वच्छ बनेको र त्यसमा देखिने प्राकृतिक रूप प्रकृतिले जलमा आफ्नो तस्वीर हेरेको कथन प्रस्तुत भएको छ । यसरी प्रकृतिको स्वरूप मानवकृत रूपमा प्रस्तुत भएको पाइन्छ ।

## ३.९ प्रकृतिको विम्बात्मक चित्रण

प्रकृति चित्रणका रूपमा विम्बलाई पनि महत्त्वपूर्ण स्थान दिएको हुन्छ । कुनै दृश्य चित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र विम्ब हो । शर्मा लुइटेल (२०६७) **तरुण तपसी नव्यकाव्यमा** पनि प्रकृति विम्बको चित्रण गरिएको पाइन्छ । त्यसप्रकारका विम्बहरूको प्रयोग लेखनाथ पौड्यालले **तरुण तपसी नव्यकाव्यमा** यसरी गरेका छन् :

पखेटा खुल्दा त्यो क्षणभर हिराझैं झिलिमिली ।
नखुल्दा वा अड्दा गहन तमभित्रै झिलिलिली ॥
घडी झिम्क्यो चम्क्यो चमचम घडी यो क्रमगरी ।
हजारौ देखायो चटकमा लीला हरि ! हरि ॥

१२/८

रातमा जूनकिरीले आफ्नो पखेटा खुल्दा संसार हिरा झैँ चम्केको छ । रातमा सबैतिर अँध्यारो छाएको समयमा जूनकिरीको पखेटाबाट निस्कने सानो उज्यालो पनि तेजिलो प्रतीत हुन्छ । त्यसकारण जूनकिरीको उज्यालो पनि तेजिलो प्रतीत हुन्छ । त्यसकारण जूनकिरीको उज्यालोलाई हिराको तेजिलो विम्ब प्रदान गरिएको पाइन्छ । पखेटा बन्द हुँदा सबैतिर अँध्यारो मात्र भएको छ । पखेटा खुल्ने र बन्द गर्ने कार्यलाई जादुगरको चटकमय रहस्यावादी प्रतीत गराएको भाव पाइन्छ । रातको समयमा जूनकिरीबाट उत्पन्न उज्यालो र पखेटा बन्द हुँदा अँध्यारो हुने समयलाई विम्बात्मक रूपमा प्रकृति चित्रणका माध्यमले प्रस्तुत गरिएको पाइन्छ :

ठुला अग्ला अग्ला गिरिशिखरका साथ म पनि ।
त्यसै झल्के रवि किरणले कञ्चन बनी ॥

चरामानै नीराजन विषयको कीर्तन गरी ।

उडे सारा चारा लिन चपल चञ्चु पुट धरी ॥

८/२५

उच्चा ठूला ठूला पहाड झैँ तरू वृक्ष पनि सूर्यको किरणले चम्केको छ । सूर्यको उज्यालो स्निग्ध स्वच्छ भएर सबैतिर प्रकृतिमा चम्कावट थप्न सफल भएको छ । वृक्षमा रहेका सबै चराचुरूङ्गीहरू प्रात कालको समय बोधक भएर खाना खोज्न हिँडेका छन् । चराले सूर्यको उदयलाई आरती सम्झेर भुर्र आवाज निकालेर हिँड्नु शुभ सङ्गीतमय कला झल्केको छ । यसरी सूर्यलाई उज्यालो विम्बका रूपमा र चरालाई सचेतकर्ताका रूपमा प्रतिविम्बन गरिएको छ । यसरी प्रकृतिको प्राकृतिक विम्बको प्रयोग गरिएको पाइन्छ :

अहो ! त्यो बेलाको रवि किरण माला सुनहरी ।

धरा झल्कन्थ्यो सलसल बगेको सुन सकी ॥

थियो मानू वर्षा अमृत रसको शान्ति सुखको ।

सबैको देखिन्थ्यो धपधप सफा कान्ति मुखको ॥

८/२८

प्रस्तुत पद्यमा सूर्यको आगमन र त्यसले पार्ने वातावरणलाई विम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । सूर्यले उदाउँदाको समयमा मालाको आकारलाई ग्रहण गरे झैँ प्रस्तुत भएको छ । सुन्दर पहेँलो मालाकारका रूपमा सूर्यलाई विम्बात्मक स्वरूप प्रदान गरिएको छ । त्यसरी उदाउने सूर्य संसारमा कञ्चन बग्ने सुन धाराको विम्बले सजिएको छ । मेघले वर्षाउने पानी आल्हादित अमृत झैँ शान्ति प्रदान गर्ने सुखका रूपमा वर्णन गरेका छन् । यस्तो स्थानमा रहने सबै प्राणीका मुखमण्डल कान्तिले युक्त छन् भन्ने भवोदयको अभिव्यक्ति पाइन्छ । यहाँ प्रकृतिको दृश्य रूपमा रहेका सूर्य, पृथ्वी र वर्षाको स्वरूपलाई विम्बात्मक स्वरूपमा प्रस्तुत गरिएको पाइन्छ :

कठै ! मेरो मुसा मनुज चिरा सञ्चय गरी ।

वृथा पाकेका छन् अनलमय चिन्ता विच परी ॥

चरामा त्यो पाजी अधम सरुवा रोग नहुँदा ।

घुमी नाची गर्छन् अमरपुरको कौतुक सदा ॥

१०/३१

प्रस्तुत पद्यमा प्रकृतिको दृश्य विम्बको स्वरूप उपदेशात्मक रूपमा प्रस्तुत भएको छ । मौरी मुसा जस्तै सञ्चय गर्ने मानवको कर्म चिन्ता, दुःख कष्टमय भएको छ । सधैंभरि भोलिका निम्नि बटुल्ने मौरीको झैँ मानव पनि त्यतै ढल्केको छ । त्यस्तो सञ्चय वृत्ति नअपनाउने चरामा त्यस्तो रोग छैन । ऊ  स्वतन्त्र भएर हरदम नाच्ने पाखा पखेरामा घुम्ने गर्दछ । जहाँ जे भेट्टायो त्यही खाँदै स्वर्गीय आनन्दमा रमाएको पाइन्छ । मौरीको थोरै थोरै सञ्चित महको भण्डार झैँ मानव पनि त्यही शिक्षामा उद्दत भएको छ । परन्तु चरा (पक्षी) हरू सहज स्वतन्त्र विचरण गर्दै स्वर्गको आनन्द बटुलिरहेकाले चराको प्रस्तुत स्वतन्त्रताको विम्बका रूपमा प्रस्तुत गरिएको छ । मौरी, मुसा र मानवको कथन भोग वृत्ति भोलिवादीका रूपमा स्थापित छ । तसर्थ यहाँ प्रकृतिको विम्ब उपदेशका रूपमा प्रयोग गरिएको पाइन्छ ।

**३.१० प्रकृतिको प्रतीकात्मक योजना**

साहित्य तथा भाषामा सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तुलाई प्रतीक भनिन्छ (शर्मा, लुइटेल २०६७) । काव्यमा प्रतीकको प्रयोगले अमूर्त कुरालाई मूर्त बनाई दिन्छ । **तरुण तपसी नव्यकाव्यमा** प्रकृति चित्रणको क्रममा प्राकृतिक प्रयोगका साथै सामाजिक वस्तुको पनि प्रयोग गरिएको पाइन्छ । त्यस्ता प्रतीक योजनालाई यसरी अवलोकन गरिएको छ :

कुनामा ती रागी दिवसकरको चुम्वन परी ।

खुशीले मस्केकी सरल धरणीको स्मित सकी ॥

उज्यालो भै निस्क्यो क्षितिज उसवेला अलि अलि ।

झिके यौटा दोटा चपल चिडियाले खलबली ॥

८/२२

प्रस्तुत पद्यमा प्राकृतिक प्रतीक योजना प्रस्तुत भएको छ । सूर्य उदाएपछि पृथ्वीलाई चुम्बन गरेर चम्काएका छन् । सूर्यको उज्यालो पृथ्वीमा पर्ना साथ सबैतिर चम्कायमान भएको छ । पृथ्वीमा परेको सूर्यको किरणलाई चुम्बनका रूपमा लिएको छ । त्यस चुम्बनले पृथ्वी खुसी हुँदै रमाएकी छन् । उज्यालो भएपछि वृक्षमा बस्ने चिडिया चराहरू जागरूक भएर कोलाहलमय कल्याङकुलुङ्ग गर्दै निस्केका छन् । यसरी सूर्य पृथ्वी प्रेमी प्रेमिका परक प्रतीक योजना प्रस्तुत प्रकृति चित्रणमा पाइन्छ :

फुक्यो त्यस्ले गर्दा कमल फूल झै भर्र हृदय ।
उडीहाल्यो कालो मधुकर सरी बन्ध विषय ॥

१७/११

कमल फूलमा हावाको वेग पर्दा भ्रमरो उडे झैँ मन पनि फुरुङ्ग भएको छ । मनमा भएका बाधा बन्धन सबै उडेर स्वच्छ बन्न पुगेको भाव अभिव्यक्त भएको छ । कमल फूलको पराग लिन बस्ने मधुकर प्रतीक वस्तुविषयको भोगीका रूपमा प्रस्तुत भएको पाइन्छ । फूललाई जसरी भमरोले जकडेर राख्छ त्यसैगरी विषय वासनाले मनुष्यलाई पनि त्यसैगरी बाँधेको हुन्छ भन्ने विचार प्रस्तुत भएको छ । यसरी प्रकृति चित्रणका क्रममा प्रतीकको प्रयोग प्रकृति चित्रणका क्रममा प्रयोग महत्त्वपूर्ण रूपमा भएको पाइन्छ :

हवामा हल्लेको शिमल फूल झै कर्मगतिमा ।
रह्यो यद्वा लड्क्यो तन नमन भो मुग्धत्वितिमा ॥
शुक्यो देख्दा देख्दै अगम गहिरो मोह जलधि ।
सबै विर्सीहाले विषयतिरको रोदन विधि ॥

१७/१७

हावामा हल्लने सिमल फूल झैँ मन कर्मबाट विचलित भएको छ । कतै झुण्डिएर बसेकाले मन एकदम व्यामोही मुग्ध भएको पाइन्छ । मनुष्यमा रहने मोह सबै सुकेकाले

विषयवासना रहित निस्छल बन्न पुगेको छ । यहाँ प्रस्तुत सिमल फूल प्रतीक उडन्ते हावामा रहने कतै एक ढिक्काभएर बस्न नसक्ने अर्थका रूपमा लिएको छ । चञ्चलताको प्रतीककारूपमा सिमलले गरे झैँ मानव मनभित्र रहेको हाँसो, रोदनको कर्मले विश्राम लिन पुगेको छ ।

### ३.११ प्रकृति चित्रणका रूपमा अलङ्कार

जसले भुषित गर्दछ वा सिँगार्दछ त्यसलाई अलङ्कार भनिन्छ । काव्यमा अलङ्कारको प्रयोग गहनाका रूपमा गरिएको हुन्छ । जसले काव्यलाई शोभायमान बनाउन मद्दत गर्दछ । **तरुण तपसी नव्यकाव्यमा** प्राकृतिक वस्तुहरूको योजनामा अलङ्कारको स्वरूप झल्केको पाइन्छ ।

**(क) उपमा अलङ्कार**

नछोएका ढुङ्गा प्रभृति अरु खस्रा चिजजति ।

कसैका हत्केला कमल दलझै कोमल अति ॥१३/१६

**तरुण तपसी नव्यकाव्यमा** प्रकृति वर्णन अलङ्कारले युक्त देखा पर्दछ । संसारमा व्याप्त पत्थर, ढुङ्गा र कसैले छुन नसकेका वस्तुहरू जति सबै कोमल रहेको भाव पाइन्छ । हत्केला कमल झैँ कोमल मुलायम छन् । छुन नसकिने वस्तुहरू र खस्रा कठोर वस्तुप्रति कोमल हातकै समान कमल फूलका तुलनामा आरोप गरिएको छ । उपमा अलङ्कारका रूपमा सादृश्य वर्णन सहित साधारण धर्मको आरोप ढुङ्गा र खस्रा वस्तुमा गरिएको छ । वाचक पद झैँकारूपमा प्रस्तुत भएको छ । यसरी सादृश्य उपमाको वर्णन प्रकृति चित्रणमा व्याप्त भएको पाइन्छ :

अनोवा कोदालो परशुहरू पक्री जुनिभरी ।

उठेका ठेलाले कठिन विचरा पत्थर सरी ॥

१३/१५

प्रस्तुत पद्यमा प्रकृति चित्रण अन्तर्गत अलङ्कारका स्वरूप प्रस्तुत भएको छ । सधैँभरि अनो र कोदालो बोक्ने हातहरू कर्मका तत्पर छन् । बन्चरो जस्तो कठोर हतियार

बोकेर जीवनभर दौडले मनुष्यको हात ठेलाले भरिपर्ण छन् । त्यस्ता ठेला ढुङ्गा समान कठोर छन् भनिएको छ । जसमा ढेला उपमान र ढुङ्गा उपमेय बनेका छन् । यसरी कृषि कर्ममा तत्पर रहने मनुष्यको मिहिनेत कार्यमा लागेका ठेलाहरूलाई पत्थरसँगको तुलना गरिएको छ । प्रकृति चित्रणका रूपमा उपमा अलङ्कारको समायोजन यसरी प्रस्तुत भएको पाइन्छ ।

**(ख) रूपक अलङ्कार**

सफा चिल्लो काठी घनपटल घोडा पवन भो ।
लगामैको शोभा चपल विजुलीमा उदित भो ॥

१५/९

सफा सुन्दर आकाशको स्वरूपलाई वायु वेगले आकाशमण्डललाई छोपी दियो त्यस्तो तेजवायु नै घोडाका रूपमा प्रस्तुत भएको छ । कथामा लगाइएका घोडाको लगामका रूपमा विजुलीको चम्किलो रूपलाई आरोप गरिएको छ । लगामरूपी घोडाकारूपमा आरोप गरिएकाले रूपक अलङ्कार प्रस्तुत भएको छ । यसरी प्रकृति चित्रणका क्रममा प्रकृतिका दृश्यलाई अलङ्कारमय सुन्दर चित्रका रूपमा प्रस्तुत गरिएको पाइन्छ :

हटाइ पर्दा त्यो मलिन तमको मङ्गलगको ।
छरी रातो रोजीमय चहक राम्रो नट सरी ॥
उदाये वा आए जव रवि खुलानाट्य घरमा ।
तमासा अर्कैमा अनि सकल संसार भरमा ॥

८/२४

प्रस्तुत पद्यमा प्रकृतिको अलङ्कारमय चित्र उतारिएको छ । मलिन पर्दालाई हटाएर मङ्गलकारी सुन्दर रूप प्रस्तुत भएको छ । नाट्यघरमा नाच्ने नट भैँ अविर केशरी विचित्र रङ्गको शृङ्गारको सजावटले भरिपूर्ण पृथ्वी देखिएको छ । धर्ती नाट्यघरका रूपमा आरोपित गरिएको छ । सूर्य जगत्का नाट्यशालामा उपस्थित हुँदा संसार नै अर्कै रूपमा

परिणत भएको  पाइन्छ । सूर्य नायक बनेर अनेक रूप देखाउने नटीका रूपमा यहाँ आरोप गरिएको छ । सूर्यले प्रसारण गर्ने सप्तरङ्गी चमकले संसार अर्कै स्वरूपमा परिणत भएकाले उपमामूलक रूपक अलङ्कार प्रतिविम्बन भएको पाइन्छ ।

**(ग) स्वभावोक्ति अलङ्कार**

कुनै मुन्टो टोकुँ भनि नयन दिन्थे उपरती ।
कुनै खेल्थे चल्दै घुस घुस धकेल्थे मकनती ॥
कुनै दल्थे मल्थे हर किसिमका युक्ति बलले ।
कठै ! यस्तै चालासित कठिन धेरै दिन विते ॥

३/७

प्रकृतिका वातावरणमा देखिने स्वरूपको दुरूस्त चित्रण यहाँ प्रस्तुत गरिएको छ । प्रकृतिका प्राणी सहज रूपमा आपसमा जिस्कने, लड्ने गर्दछन् । कतै खैल्दै साथमा चल्दै हिँड्दा धकेल्ने र समूहगत रूपमा हिँड्दा गर्ने क्रियाकलापको स्वाभाविक वर्णन यहाँ व्यक्त भएको छ । वन, जङ्गलमा लामलस्कर लागेर हिँड्ने पक्षीहरूको पारिवारिक मायाको चित्रण प्रस्तुत छ । मानवीयरूप झैँ चल्ने दगुर्ने दलिने जस्ता अनेक युक्तिहरू यिनीहरूले गरेका छन् । यस्तै क्रमसित चल्दा चल्दै धेरै समय व्यतित भएको भाव यहाँ पाइन्छ । प्राकृतिक संसारमा बस्ने प्राणीहरूको स्वभाविक कार्यको प्रस्तुति यहाँ पाइने भएकाले स्वभावोाक्ति अलङ्कार प्रस्तुत भएको पाइन्छ :

कुनै सुस्तै डुल्थे चह चह गरी चट्ट शिरमा ।
कुनै भल्थे डुल्थे कलरव गरी मस्त सुरमा ॥
कुनै खेल्थे राम्रो किसिमसित हामी सवचरा ।
यसै माथि पारौ अव गुँड बनाएर बचरा ॥

३/१६

वृक्षका शिरमाथि डुल्ने चराहरू स्वभाविक रूपमा घुमिरहेका छन् । कुनै आवाज निकाल्दै मदमत्त भएर डुल्छन् ।कतै समूहगत रूपमा खेल्ने क्रम पनि यहाँ चलेको छ ।

वृक्षमा रहेका तपसीले देख्ने वरपर तथा शिरमाथि चराहरू स्वभाविक रूपमा चल्दै उफ्रँदै दौडिएका छन् । यस्तो गर्दा वृक्षकै सहारामा आफ्नो सन्तानलाई जीवन दिने सोच यी चराहरूमा उत्पन्न भएको छ । साना साना पक्षीहरूको क्रिडा चुच्चाबाट निकाल्ने चिरीबिरी आवाज प्रकृतिको चित्रणबाट स्वभावोक्ति अलङ्कार प्रस्तुत भएको पाइन्छ ।

**(घ ) अतिशयोक्ति अलङ्कार**

चरीले छादेको फगत दुई थोपा रगतमा ।

डुबेकी नै देखे सकल पृथिवी त्यो वखतमा ॥

७/४

प्रस्तुत पद्यमा प्रकृतिको वर्णन अन्तर्गत अतिसय रूपको चित्र पाइन्छ । घाइते चरीले छादेको दुई थोपा रगतमा सम्पूर्ण पृथ्वी डुबेको कथन गरिएको छ । सानो चराका मुखबाट निस्कने थोरै रगतका थोपामा सम्पूर्ण पृथ्वीको डुवाइको कथनले अतिसयोक्ति अलङ्कारलाई प्रस्तुत गर्दछ । सारा जगत् चराको त्यो दुःखमा स्वयम् आशय सहित अतिशयोक्ति अलङ्कारको स्वरूप प्रकृति चित्रणका रूपमा प्रस्तुत भएको पाइन्छ ।

**(ङ) उत्प्रेक्षा अलङ्कार**

समेटी विस्तारै मृदुलकरले चारु कबरी ।

निशालाई मानु प्रणय बश आलिङ्गन गरी ॥

उठे सुस्तै सुस्तै प्रमुदित निशानाथ विमल ।

बन्यो साह्रै राम्रो गगनमय त्यो रङ्गमहल ॥

१६/६

प्रस्तुत पद्यमा प्रकृतिको स्वरूपलाई उत्प्रेक्षालङ्कारले युक्त वर्णन गरिएको छ । रात्रीलाई सूर्यले मस्त चुल्ढो पकडेर प्रेमपूर्वक आलिङ्गन गरेका छन् । सूर्य अस्ताचलतर्फ लागेपछि सबैतिर अँध्यारो व्याप्त हुन गएको छ । त्यस्तो अँध्यारो समयमा सूर्यले रात्री

प्रियालाई प्रणयपूर्वक आलिङ्गन भरेको कथन यहाँ प्रस्तुत भएको छ । जब विहान पुनः सूर्य उदाएर त्यस समयमा रात्रीको अन्धकार हराएर सबैतिर आकाश, पृथ्वी रङ्गमहल झैँ चम्किएको प्रतीत भएको पाइन्छ । नायक नायिका झैँ सूर्य र रात्रीलाई प्रकृतिका रूपमा प्रस्तुत गरिएकोक छ । सूर्य  उदाउँदा र रात्रीको समयलाई समन्वयात्मक स्वरूपमा चित्रण गरिएकाले उत्प्रेरणा अलङ्कार प्रस्तुत भएको पाइन्छ :

वसी स्वर्गङ्गाको निकट सुरकन्या सव मिली ।
सफा तेही डल्लो अमृतकरको साबुन दली ॥
चुहाइ चौतर्फी अमृत रस धारा तर तरी ।
नजाने धुन्थे कि प्रणयसित फोएर कवरी ॥

१६/१९

स्वर्गकी गङ्गाका निकटमा बसेर अमृत रूपी साबुनले देवकन्या स्नान गरिरहेका छन् । र स्नान गर्दा अमृत जस्तै रसधारा चुहिएर तर तरी बगेको छ । आफ्नो शिरको चुल्ठोलाई खुल्ला पारी मस्तसित स्नान गर्ने स्वर्गकी अप्सराको कथन यहाँ प्रस्तुत भएको छ । प्रकृतिमा वर्षने प्राकृतिक धार प्रकृतिको चमक ती नै सुरकन्याले स्नान गर्दाको रसको धारो हो कि भन्ने रूपक मिश्रित उत्प्रेक्षा भाव व्यक्त भएको पाइन्छ । यस्ती सुरकन्याले गरेको स्नान परक वर्णनमा अमृतरूपी साबुनले नुहाएको कथनबाट उत्प्रेक्षा अलङ्कार व्यक्त भएको छ । प्रकृति चित्रणका क्रममा अलङ्कारको सुन्दर प्रस्तुति यहाँ भएको पाइन्छ ।

## ३.१२ निष्कर्ष

प्रकृति स्वयम् सिर्जित वस्तु हो । प्रकृतिलाई स्वभाव तथा व्यक्तिको मूल रूप वा मूल गुणका रूपमा लिएको पाइन्छ । मानिसले बनाएका र उसका हातले सजिएका कृत्रिम वस्तुहरू बाहेक सम्पूर्ण चराचर जगत् प्रकृति हो । पूर्वीय साहित्य सिद्धान्तमा प्रकृतिलाई जीवन जगत्को मूल कारक मानेको पाइन्छ । प्रकृतिलाई विभिन्न किसिमले परिभाषित गरेको पाइन्छ । प्रकृतिबाटै विश्वात्माको झलक मात्र होइन निकट पनि पुग्न सकिने, प्रकृतिबाटै जीवन र जगत्को ज्ञान हुन सक्ने वास्तविक तत्त्वका रूपमा लिएको पाइन्छ ।

प्रकृति अजेय अजन्माले युक्त छ । यसको इति र अन्तका बारेमा व्याख्या वर्णन गर्न सकिँदैन । परिष्कारवादी कवि लेखनाथले प्रकृति मार्फत मानवको हित परापूर्व समयदेखि भोग्दै आएको जीवन र वर्तमानको यान्त्रिक भौतिक परिवर्तनको अवस्थालाई वैचारिक ढङ्गले प्राकृतिक तत्त्वमार्फत प्रस्तुत गरेको पाइन्छ । साहित्यमा नाप जोख गरिकन प्रस्तुत गर्ने शास्त्रीयतावादी लेखनाथले प्रकृतिलाई निकटबाट नियालेर विशिष्ट तत्त्व चेतना प्रस्तुत गर्ने काम गरेका छन् । उनी प्रकृतिलाई सधैँ रहस्यमय अदृश्य सर्वशक्तिमान अविजेय मान्दछन्  । विश्वजगत्को सृष्टि र संहारक प्रकृतिलाई लिएको पाइन्छ । प्रकृतिलाई स्थूल र सूक्ष्म रूपमा विभाजन गरिएको पाइन्छ । मानिस र प्रकृतिको साहचर्य मानिसको सृष्टिसँगै प्रारम्भ भएको हो । मानिस लगायत जीवहरू प्रकृतिमा जन्मन्छन् र प्रकृतिमै हुर्की बढी यसैमा जीवन विसर्जन गर्दछन् । त्यसैले मानिस प्रकृतिको निकट रहेको पाइन्छ । विज्ञान कृत्रिम र क्षणिक हो । प्रकृतिको विनासक तत्त्व विज्ञान भएकाले सदैव विचरोका रूपमारहन्छ । साहित्य, कला, शिक्षा, सिर्जना आदि सबैको एक मात्र स्रोत प्रकृति भएकाले प्रकृतिको संरक्षण गनु मानवको परम कर्तव्ज्ञ हो । प्रकृतिमा सदैव रहने ध्वनिमा आनन्दता, दिव्यता तत्त्वमसी प्राप्त गर्न सकिन्छ । प्रकृतिमा देखिने छाँगा, छहरा, नदी, विचित्रमयी रूपरङ्गले त्यसको अपारतालाई पुष्टि गर्दछ । वन जङ्गल हावा फलेका र फुलेका वनस्पति उद्यानको सुगन्धतथा कस्मल भयावहतामा पाइने दुर्गन्धको स्वरूप प्रकृतिमा विचित्रको छ । रूखमुनि प्राप्त हुने शीतल छायाँहावाले प्रदान गर्ने सुगन्धित वायुको समागम मानवको हितकारक वस्तु हो । मानव प्रकृति अन्य प्राणीहरूका बचि सन्तुलित स्वरूप देखाउन प्रकृतिको प्रयोग गरिएको पाइन्छ । लेखनाथले प्रकृति चित्रणका क्रममा विविध विधि र पद्धतिहरूको प्रयोग गरेका छन् । **तरुण तपसी नव्यकाव्यमा** प्रयुक्त प्रकृतिको अध्ययन गर्नका लागि प्रकृतिको तन्मय वा मनोमय चित्रण, प्रकृतिको इन्द्रिय संवेद्य चित्रण, प्रकृतिको विम्बात्मक, प्रतीकात्मक तथा आलङ्कारिक चित्रण जस्ता पद्धतिको उपयोगप्रस्तुत गरिएको छ ।

## चौंथो अध्याय

# तरुण तपसी नव्यकाव्यमा प्रकृतिप्रतिको दृष्टिकोण

### ४.१ विषय परिचय

**तरुण तपसी नव्यकाव्यमा** लेखनाथ पौड्यालले प्रकृतिमार्फत आफ्ना दृष्टिकोण व्यक्त गरेका छन् । संसारका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूमा समभाव देखाएका छन् । प्राकृतिक सभ्यता प्रकृतिको स्वच्छता उदारता जस्ता पक्षलाई उनले मूर्त रूप दिएका छन् । मानव र प्रकृतिका बीचको समभाव प्रकृतिबाट प्राप्त ज्ञानको संयोजन नै मानवको हितकारक वस्तु हो भनेका छन् । आदिम समयदेखि प्रकृतिले झेल्ने समस्या प्रकृति विनास जस्ता पक्षमाथि उनले विभिन्न दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रकृतिलाई आमाका रूपमा तथा

शिक्षककारूपमा हेरेर प्रकृतिका काखमा मानव सदैव खुसी हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत भएको छ । प्रकृतिका विविध नियम पालना गरेमा मानवलाई कल्याण हुने विचार प्रस्तुत गरेका छन् । मानवीय ज्ञानको शिक्षादीक्षा दिने गुरू र प्राकृतिक प्राणी भित्रकिो ईश्वरमा एकात्मकता तथा प्राकृतिक जीवन तर्फको अभिमुखता जस्तो दृष्टिकोणहरू लेखनाथले **तरूण तपसी नव्यकाव्यमा** व्यक्त गरेको पाइन्छ ।

### ४.२ ज्ञानको स्रोतको रूपमा प्रकृति

प्रकृतिलाई सम्पूर्ण ज्ञान, कला साहित्य सिकाउने गुरूका रूपमा लिएको पाइन्छ । प्रकृतिबाट मानवले जीवन र जगत् सम्बन्धी अमूल्य पाठ हासिल  गरिरहेको हुन्छ । त्यसैले भन्ने गरिन्छ “जीवनम् भुवनम् बनं” प्रकृति जीवनदाता र संरक्षणकर्ता हो । प्रकृतिबाट मानवको सहिष्णुता, क्षमा, त्याग तथा समानताको पाठ सिकेको हुन्छ । मानवीय ज्ञानको प्रसारण कर्ताका पाठ सिकेको हुन्छ । मानवीय ज्ञानको प्रसारण कर्ताका रूपमा प्रकृतिलाई लिएको पाइन्छ । **तरुण तपसी नव्यकाव्यमा** कविले यस प्रतिको दृष्टिकोण प्रस्तुत गरेका छन्  :

चरीको त्यो ची ची मय रुदन वा क्रन्दन कडा ।

थियो जान्नेलाई अमर कृत विद्यालय खडा ॥

५ ⁄ २५

व्याधाको वाणबाट प्रताडित चरीको रोदन करूणामय अवस्थाले युक्त थियो । त्यस अवस्थामा लाग्थ्यो सारा जगत् नै चरी बनेर रोइरहेको छ । प्रकृति विनास गर्ने व्याधाको प्रहार र चरीको संवेदना ज्ञान लिन चाहनेका लागि पाठशाला समान भएको छ । अवोध चरो रोइरहेको क्षण साना साना प्राणीको रक्षा तथा मानवीयता हराएको मानवको लक्ष्यार्थ प्रस्तुत भएको छ । कुनै पनि प्राणीको हत्या गर्नु हुँदैन । सबैले बाँच्न पाउनु पर्छ भन्ने विशिष्ट ज्ञान त्यस रोदनबाट प्रस्तुत भएको छ । प्रकृति चित्रणअन्तर्गत प्रकृतिलाई ज्ञानको स्रोतका रूपमा कविको दृष्टिकोण प्रस्तुत भएको पाइन्छ :

यती चाँडै मेरो किन कसरि आँखा धमिलियो ।

तमासा यो क्या हो ? भुवन किन मैलो सवभयो ॥

७/५

प्राणीको अवोध हत्या हुँदा प्रकृति रुने र अन्धकार पस्कने गर्दछिन् । व्याधाका वाणले सन्त्रस्त बनेको चरामा भएको पीडा असह्य बन्दै गएकाले सबैतिर अँध्यारो फैलिन पुगेको छ ।व्यर्थमा मर्ने पशु प्राणीहरूको आँसु वेदना देखेर प्रकृति पनि करूणा पोख्दछिन् । सबैतिर फैलिरहेको चटकमय उज्यालो अन्धकारमा परिणत भएको छ । यसरी प्रकृतिका स्वरूपहरूबाट ज्ञानको सङ्केत गरिएको छ । प्रकृति चित्रणका रूपमा प्रकृतिको ज्ञानपरक दृष्टिकोण व्यक्त भएको पाइन्छ :

जहाँ जे भेट्टायो प्रणयसित खायो फल फूल ।

चुचो वायो, गयो मधुर सुरमा तृप्ति गजल ॥

१०/३३

प्रस्तुत पद्यमा प्रकृतिमा स्वतन्त्र विचरण गर्ने चराको प्रसङ्गमा ज्ञानको दृष्टिकोण कविले प्रस्तुत गरेका छन् । प्रकृतिमा फलेका फुलेका चिजविज जहाँ जस्तो भेट्टायो त्यसलाई मस्तसँग खाने चरीको प्रस्तुति गरिएको छ । प्रेमपूर्वक सानो चुच्चाले टप टप टिपेर खाँदा ऊ रमाएको छ । खोजी खोजी खाने सञ्चय नगर्ने र सदा मस्त रहने चराको जीवन सत्त्व गुणी देखा पर्दछ । चिरीबिरी गर्दै सङ्गीत छर्ने र अघाएपछि प्रस्तुत गर्ने चुच्चाको ध्वनि तृप्तको गीतका रूपमा देखिएको छ । मधुर मस्ततामा रमाउने पक्षीको चिरीबिरी स्वतन्त्रता र प्रेमपूर्वक आनन्दमा चरीको जीवनलाई कविले प्रकृतिपरक दृष्टिकोणबाट प्रस्तुत गरेको पाइन्छ :

न चेला त्यो बेला गगन गुरुजी शान्त मुहुडा ।

थियो शिक्षा दीक्षा ध्वनिमय वडो अद्भुत कला ॥

अहो ! पढ्दा पढ्दै गुरुमय भयो विश्व विभव ।

म कच्चा विद्यार्थीशकिन सहसा सम्झन सव ॥

७/९

प्रस्तुत पद्यमा प्रकृतिलाई शिक्षकका रूपमा कविको दृष्टिकोण व्यक्त भएको पाइन्छ । आकाशकोशान्त स्वरूप गुरुको पद्वीले युक्त छ । कतै पनि चेला नराखिकन सबैलाई समानरूपमा ज्ञान बाँडिरहेका छन् । मेघले गर्जना गर्ने ध्वनिमा अलौकिक शिक्षा भएको र त्यो ज्ञान गुरू शिष्ट रूपी वाचन भन्दा टाडै रहेको छ । यस्तो प्रकृतिबाट बारम्बार प्रसारण हुने चटकमय शिक्षा विश्व जागरणमा अनुपम बन्न पुगेको छ । वृक्षका मुनि बसेका तपसी प्रकृतिले प्रदान गर्ने यस्तो कलामा शिक्षाको राशिलाई बुझ्न सकेका छैनन् । सारा जगत् नै शिक्षाको स्रोत सम्झने कवि प्रकृतिमा अद्भूत कलाको अलौकिकसंगम छ भनेर व्याख्या गर्दछन् । प्रस्तुत पद्यमा प्रकृतिको अनेकन शिक्षालाई प्रसारण गर्ने दृष्टिकोण व्यक्त भएको पाइन्छ :

न मिल्थ्यो त्यो शिक्षा सितिमिति कुनै शास्त्रहरूमा ।

न वा ज्ञानको ध्वनि धरणितलका सिद्धहरूमा ॥

लिदाँएकै गोता निमिषभर चुर्लुम्भ जसमा ।

रसिलो निस्कन्थ्यो पल पल चमत्कार सुषमा ॥

७/१७

प्रकृति ज्ञानको भण्डार हो अन्यत्र नपाइने ज्ञान प्रकृतिमा पाइन्छ । कुनै शास्त्र अध्ययनबाट प्राप्त हुन नसक्ने ज्ञान प्रकृतिले प्रदान गरेको छ । ध्वनि योगी र पृथ्वीका सिद्ध तपस्वी जनले दिन सक्ने ज्ञान राशी प्रकृतिबाट प्राप्त हुन्छ । त्यस्तो अद्भूत ज्ञान थोरै मात्रा लिन सके संसारमा चमत्कार छाउने र अलौकिकता झल्कने भाव व्यक्त भएको छ । प्रकृति माता हुन् प्रकृति शिक्षिका हुन् । प्रकृति शास्त्रहरूको उद्गम हो जसमा भावको ज्ञानपरक दृष्टिकोण लेखनाथ पौड्यालले व्यक्त गरेको पाइन्छ ।

## ४.३ मानवीयरूपमा प्रकृति

यस काव्यमा प्रकृतिको प्रस्तुतिद्वारा मानवमा चेतना भर्न खोजिएको छ । प्रकृतिलाई मानव झैं सम्झने कवि लेखनाथ प्रकृतिमा मानव गुणको आरोप गर्दै हरित क्रान्तिद्वारा सत्य

स्वच्छ मानवहित चाहन्छन् । त्यसको उद्‌वोधन प्रकृतिमा सर्वत्र फैलिएको छ भन्दै लेखनाथ यसरी मानवताको दृष्टिकोण प्रस्तुत गर्दछन् :

दया हो पृथ्वीको अति चहकिलो पारसमणि ।
दया नै हो कालो भव जलधिको मुख्य तरणी ॥
दया त्यस्तो त्यागी मनुजकिन हिंसातिर झुक्यौ ? ।
म मर्नेछु मर्छु तर तिमी नराम्रो सित चुल्यौ ॥

६/२४

पृथ्वीको परिचय नै दयाका रूपमा रहेको हुन्छ । सबैकी साझा बनेर धरणीले पालन पोषण र सम्बर्द्धन गरिरहेका छन् । दयारूपी धर्मबाट मणि झैँ चम्किएको स्वरूप प्रस्तुत भएको छ । दयाकै सहयाताबाट कलुषता, दुष्टता अधर्मरूपी भवसागर तर्न सकिने विचार व्यक्त गरेका छन् । पृथ्वीमा उत्पन्न सबै प्राणीमा दया हुन्छ र त्यो दया मानवले त्यागेकोमा प्रकृति चिन्तित देखिएकी थिई । सानो तुच्छ चराको ज्यान लिन तत्पर मानवको अकर्मण्यतालाई चरीले धिक्कार्दै सत्‌भार्गमा लाग्न प्रेरित गरेको छ । यसरी प्रकृतिका माध्यमबाट मानवताको बोध गराएर प्रकृति चित्रणको दृष्टिकोण प्रस्तुत भएको  पाइन्छ :

गुणी हो ज्ञानी हो बहुत चतुरो जाति नरको ।
सिपालु उद्योगी, गुरु सदृश यो विश्वभरको ॥
बुझोस् ता यस्ले त्यो पराहित महामन्त्र महिमा ।
दरिन्थ्यो पृथ्वीको अमर नगरी नाम बहिमा॥

९/१६

मनुष्या ज्ञानी र चतुरो भएकाले परिवर्तन गर्न सक्षम छ । कुनै काममा सीम भएको शिक्षक समान गुणमा दरिएको छ । सत् असत् वस्तुलाई छुट्याउन सक्ने उपकारी गुणले यक्त मानवले प्रकृतिद्वारा प्राप्त सम्पदाको भोग सही रूपमा गरोस् । प्रकृति सम्पदाका संरक्षण गर्दै प्रकृतिबाट निसृत ज्ञानको बोध मानवले गर्न सके उसको जीवन नै स्वर्ग समान

भोग्य हुने कल्पना गरिएको छ । धर्तीलाई स्वर्ग र सर्वगुण सम्पन्न बनाउन मानवले मात्र सक्ने र त्यो कार्यमा ऊ प्रस्तुत भए सदैव कल्याण हुने विचार व्यक्त भएको छ । लेखनाथले प्रकृतिका माध्यमबाट मानव हितकारक वचनद्वारा मानवताको दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ :

चराले झै चारा फगत उदरै माफिक चरी ।
म लोभी  खाँलायो भनि वटुनले लोभ नगरी ॥
बढोस् ता यो बाठो मनुज पर कल्याण सुखमा ।
सदा यस्को पर्थ्यौ अमृत रसको स्रोत मुखमा ॥

१०/३२

प्रस्तुत पद्यमा प्रकृतिको मानवता परक दृष्टिकोण व्यक्त भएको छ । साना साना चुच्चा भएका चराले आफ्नो आहारा जुटाउने गर्दछन् । त्यो चारा भोलिका निम्ति नभनी खाने गर्दछन् । सञ्चय कृतिदेखि निकै टाढा चराहरू रहेका छन् । सानो ज्यान पाल्न उनीहरूले गर्ने प्रयासमा लोभीपना देखिँदैन । स्वच्छ रूपमा प्रकृतिबाट प्राप्त विषयवस्तुको भोगमा आफूलाई तृप्त गर्ने चरोमा कुनै कलुषता पाइँदैन । यस्तो सन्देश मानवले बुझेर कार्य गरे मनुष्य सधैँ आनन्दमग्न अमृत पानमा मस्त हुन्थ्यो भनिएको छ । प्रकृतिले सबै प्राणी समान सम्झने र चेतनाका तहमा मानव प्रथम गरेको देखिन्छ । यसरी प्रकृति चित्रणका क्रममा मानवता परक दृष्टिकोण **तरुण तपसी नव्यकाव्यमा** व्यक्त भएको पाइन्छ :

बगेकी चौतर्फी कल कल सदा शान्ति सरिता ।
हँसीला वासिन्दा सरल पुतली तुल्य छरिता ॥
रसीलो आनन्दी हृदय सवती पौर हरूको ।
फुकेको फक्रेको सुरभि फुल झै कल्पतरुको ॥

१५/३१

सधैँभरि सबैतिर फूल वनस्पति फैलिरहुन् । हँसिला फल, पुतलीको नृत्य समान संसार रमाइरहोस् । खोला, नाला झर्नाले सुख शान्तिकै गीत गुञ्जाऊन् र सर्वत्र रसिलो

आनन्दको वर्षा हो् भन्ने कामना देखिन्छ । फुलेका फूल र फलहरूले कल्प वृक्षकै समान आशा आकाङ्क्षा मानवको पूरा गरेका छन् । वृक्ष सबैका निम्ति परोपकारक बनेको छ । यसरी प्रकृति सबैको हितकारक बन्ने भएकाले मानवले पनि त्यस्तै रूपमा कर्म गर्नुपर्ने दृष्टिकोण पाइन्छ ।

### ४.४ ईश्वरकारूपमा प्रकृति

संसार रचना गर्ने सुन्दर बनाउने र उजाड संहार गर्ने अदृश्यमान शक्ति ईश्वर हो । कर्ता दिनेवाला तथा हर्ता लिनेवाला दुवै स्वरूपमा प्रकृति विद्यमान हुन्छ । दृश्य, अदृश्य शक्तिलाई सञ्चालन गर्न परम शक्ति परमेश्वर रहेको छ । त्यसैका नियम बन्धनमा सृष्टिको क्रम सञ्चालन तथा विनाश हुन्छ भन्ने उल्लेख पाइन्छ । त्यस प्रकारको प्राकृतिक दृष्टिकोण लेखनाथले **तरुण तपसी नव्यकाव्यमा** यसरी गरेका छन् :

सुधाको यो झर्ना, कवि हुन गये सीकर सरी ।
थियो त्यो शोभाको जलधि, कविजी मञ्जु लहरी ॥
मिठो त्यो मिश्रीको रस मधुर मिश्री कवि थिये ।
आहा कस्तो कस्तो अगम छविमा तन्मय भये ॥

१/१८

प्रस्तुत पद्यमा प्रकृतिलाई ईश्वरका रूपमा हेरिएको छ । प्रकृतिबाट निसृत जलराशी झर्ना बनेर झर्दा निस्कने साना साना थोपा आफू भएको र सम्पूर्ण जल ईश्वर बनेको उद्गार पाइन्छ । जलको समूह कवि भएको र जलको अथाह सागर ईश्वर हुन् भनिएको छ ।स्वादिलो मधुर मिश्री कवि र रस समूह ईश्वर हो भनिएको छ । त्यस्तो अभेद भाव सहितको ईश्वरीय दृष्टि प्रकृतिमा गरिएको छ । जलको समूहकै एक वेदान्त तत्त्वका निकट व्याख्याता लेखनाथ हुन् । त्यसैको ईश्वरीय दृष्टिकोण प्रकृति चित्रणमा उनले गरेको पाइन्छ :

अहन्ताको ठोक्तै घट घट विषे दिव्य तवला ।
जगद्व्यापी एकै भुवनपतिको जीवन कला ॥
भई भोग प्रेमी हरतरहले घुम्छ भवमा ।

उसैको सत्ता हो अनुभव लिने मिश्र सवमा ॥

२/८

प्रस्तुत पद्यमा प्रकृतिलाई ईश्वरीय दृष्टिले नियालेर चित्रण गरिएको छ । संसारमा सबैको एक मात्र सत्ता छ र त्यो ईश्वरीय सत्ता हो । सर्वत्र आफ्नो उपस्थिति देखाउने ईश्वरले आकाशमा मेघद्वारा बजाएका बिजुली चमत्कार आफ्नो एक क्षेत्रको सङ्केतका रूपमा प्रति विम्बन भएको छ । सबै संसार आफ्नो रचना ठान्ने  ईश्वरले घुमी घुमी प्राणीको रेखदेख गरिरहेको छ । सानादेखि ठूला जीवका हृदयमा वास गर्ने  ईश्वर  एकै हो भन्ने ज्ञान गराउन देवत्व जागृत गर्दै परिभ्रमण गरिरहेको छ । आकाशमा चम्कने मेघ सहितको विजुली, रातका चन्द्रमा दिनका सूर्य सबै ईश्वरकै स्वरूप हुन् । यसरी प्रकृति चित्रणका रूपमा प्रकृतिको  ईश्वरीय दृष्टिकोणको प्रस्तुति भएको पाइन्छ :

किरामा पक्षिमा, नर, पशु लता, वृक्षतकमा ।

अहो ! एकै नासे परमं चितिको दिव्य चकमा ॥

फुरेको देख्दैछौ तदपि किन गर्छौ धरभर ? ।

विवेक ज्योत्स्नाले सकल धरणी शीतल गर ॥

२/१०

संसारमा रचना गरिएका पशु, पक्षी, मनुष्य, लता, वृक्ष सबैमा एकै ईश्वरकै वास रहेको छ । उही ईश्वरकै कला र कल्पनाले यो जगत् सिँगारिएको छ । वनका वृक्ष वनस्पति जडवस्तुदेखि चेतन वस्तुसम्मका हृदयमा एकै ईश्वरको वास छ । सबैमा एउटै ईश्वर बसेकाले विवेकी आँखा खोलेर हेर्नुपर्दछ । यसरी अवलोकन गर्न सकेमा पृथ्वी शीतल उज्ज्वल स्वर्ग समान बन्न सक्ने भाव व्यक्त भएको छ । जगत्मा व्याप्त घमण्ड मूर्खरूपी आगो निभाएर ज्ञानी सत्त्वगुणी आँखा खोल्न सके पृथ्वी धन्य हुने छिन् भन्ने विशिष्ट कथन प्रस्तुत गरिएको छ । प्रकृति चित्रणका क्रममा लेखनाथले सबै वस्तुमा ईश्वरको रूपलाई उजागर गरेर ईश्वरीय दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ ।

**४.५ साङ्ख्य दर्शनका अनुरूपमा प्रकृति**

प्रकृति विश्वको निर्माण कर्ता हो । प्रकृति र पुरूषको समायोजनबाट सबै वस्तुको प्रस्तुति हुन्छ भन्ने मान्यता साङ्ख्य दर्शनले राख्दछ । त्यसका निम्ति सत्त्व रज र तम यी त्रिगुण साम्यावस्थाका समयमा प्रकृतिमा नै शान्त अवस्थामा बसेका हुन्छन् । यिनै गुणहरू परस्पर विरोधी स्वभावका भएकाले आपसमा सङ्घर्ष भइरहन्छ । यस्तै सङ्घर्षका कारण प्रकृतिको सृष्टि चल्छ । त्यसैकारणले प्रकृतिमा विविधता भइरहेको छ ।

सत्त्व, रज र तम गुणहरूका बीच परस्पर असहयोगी र सहयोगी दुवै सम्बन्ध हुन्छ । साङ्ख्य दर्शन पुरूष चेतनाले युक्त आत्म तत्त्वका रूपमा स्थापित छ । पुरूष भोक्ता हो भन्ने प्रकृति भोग्य तत्त्व हो । यसरी साङ्ख्य दर्शनले संसारको रचना प्रकृति र पुरूष त्रिगुणको समायोजबाट हुने मान्दछ । प्रकृतिलाई जननीका रूपमा स्वीकार गरेको छ । प्रकृतिमा हुने विविध रूप नै साङ्ख्य रूपका त्रिगुणका स्वरूप हुन् । लेखनाथ पौड्यालले **तरुण तपसी नव्यकाव्यमा** साङ्ख्य दर्शन परक प्रकृतिको दृष्टिकोण प्रस्तुत गरेका छन् :

ठुला साना प्राणी चतुर विधिका सन्तति सब ।
सबैको साझा हो प्रकृति गुणको भोग्य विभव ॥
सबै हाँसुन खेलुन सरल रसिलो जीवन धरी ।
धरालाई पारी प्रणय रसले देव नगरी॥

२/६

प्रस्तुत पद्यमा लेखनाथले साङ्ख्य दर्शन परक दृष्टिकोण प्रस्तुत गरेका छन् । संसारमा रहेका सबै प्रकारका ठूला साना प्राणीको रचनाकार एउटै ईश्वर हो । यो घर सबैको साझा हो यसलाई समान रूपमा उपभोग गर्नुपर्छ । सबैको जननी सृष्टिकर्ता प्रकृति हुन् र त्यसमा कसैले पनि आफ्नोपन प्रस्तुत नगरी सरल सहज जीवन बिताउन सकुन् । प्रकृति र पुरूषद्वारा निसृत पृथ्वीलाई हराभरा पार्दै माताको रूपमा लिएर स्वर्गको आभिर्भाव देखाउने प्रणय कथन गरिएको छ । प्रकृति चित्रणका क्रममा साङ्ख्य दर्शन परक दृष्टिकोण प्रस्तुत भएको पाइन्छ :

जगद्धात्री देवी प्रकृति जननीमा विषमता ।
हुनाले झल्केको भुवन विच के मिल्छ समता ॥

८/६

प्रकृति र पुरूषमा रहेको असमान स्थितिकै अनुरूप संसारमा समानता नरहेको प्रतीत हुन्छ । जगत्‌को सृष्टि कर्ताको रूपमा साङ्ख्य दर्शनको प्रकृति र पुरूष अन्धो तथा लङ्गडोको रूपमा हुन्छन् । सत्त्व, रज र तमकै असमान परिस्थितिको परिचय संसारमा व्याप्त छ । उनीहरूले रचना गर्ने धर्ती साङ्ख्य दर्शनकै प्रतिविम्बन हो भन्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ :

न वा आकाशैमा निविड तम उम्रीकन बस्यो ।

न वा त्यो आकाशैमा तम जलधिमा गैकन पस्यो ॥

मसीमा चोविन् वा प्रकृति जननीले गगन यो ।

विलायो वैषम्य स्थिति सकल एकाम्मय भयो ॥

१२/३

सत्त्व, रज र तमरूपी तीन गुणको समायोजन नै सृष्टिको क्रम हो । प्रकृतिले संसारको रचनाका क्रममा कालो स्वरूप ग्रहण गरेर यसलाई शृङ्गार्ने कार्य गरेकी छन् । आकाश मण्डलमा देखिने कालो रूपलाई साङ्ख्य दर्शनले तमो गुणको स्वरूप दिइएको छ । जब सबै कलुसता हटेर गएपछि सत्त्व गुणी उज्यालो प्रकाशित हुन पुग्छ । ठीक त्यसैगरी विषमता पलायन भएर गएको छ । संसारको रचना गर्ने प्रकृति र पुरूषको समायोजनबाट उत्पन्न हुने जगत्‌मा रज र तम गुण हराएर सेतो उज्यालो सत्त्व गुण उदित भएको छ । यसरी प्रकृति चित्रणका क्रममा साङ्ख्य दर्शन दृष्टिकोण व्यक्त भएको पाइन्छ :

सबैकी साजा छन् धरणि जननी जीवन सकल ।

उनैका छोरा हुन् हृदय रसमा लुब्ध चपल ॥

९/१४

माता जननी प्रकृति सबैकी एकै हुन् । जीवनको भरण पोषणमा एकरूपता प्रस्तुत गर्ने प्रकृति कसैलाई अलग अलग रूपमा अवतरित हुँदैनन् भनिएको छ । परन्तु पृथ्वीमा एकै वस्तुबाट निर्मित मनुष्यमा यस्तो लालची लुब्धपना किन आयो भन्ने वैचारिक दृष्टिकोण

अभिव्यक्त भएको छ । सत्त्व, रज र तमको कारणबाट यस्तो भएको हो भन्ने साङ्ख्यपरक प्रकृति प्रतिको दृष्टिकोण देखा परेको पाइन्छ ।

यस्तै पद्य ९/१५ मा पनि प्रकृतिलाई स्वतन्त्र समर्थसाली संसारको सृष्टिकर्ताका रूपमा परिचित गराइएको छ ।

**४.६ सम्पन्नताको स्रोतका रूपमा प्रकृति**

प्रकृति सबै वस्तुहरूको दाता हो । प्रकृतिबाट मानवले आवश्यक सामग्रीहरू प्राप्त गर्दछ । सुख, शान्ति, माया, प्रेम, रोदन, हाँसो आल्हादकर्ताको सूचक प्रकृति बनेको हुन्छ । अतुलनीय वस्तुहरूको भण्डार प्रकृति हो । वन, तलाउ, नदी, आकाश, चन्द्रमा, तारा, शीतलवायु, मेघ, पशु, पक्षी, चरा यी सबैमा देखिने प्रस्तुति सम्पन्नताको द्योतक बनेको पाइन्छ । भौतिक वस्तुको क्षणिकता भन्दा प्रकृति सौन्दर्यको प्रस्तुति पूर्ण र वास्तविक सत्य हो । जसले मानवलाई यथोचित वस्तु दिइरहेको हुन्छ । अन्यत्रबाट पाउन नसकिने आनन्द प्रकृतिका काखमा पाइन्छ । जो कोही पनि प्रकृतिका शरणमा पर्दा विमुख हुनु पर्दैन । यस्तो सम्पन्नताको प्रकृति चित्रण लेखनाथले **तरुण तपसी नव्यकाव्यमा** यसरी प्रस्तुत गरेका छन् :

विधाता पग्ल्यो वा जलद घटदेखी जल चुह्यो ।
सुधा वर्स्यो यद्वा प्रकृति जननीको दुध बह्यो ॥
अहो ! जस्ले गर्दा लहलह भयो जीवन सब ।
निमेषैमा उर्ल्यो शत शतगुणा वृद्धि विभव ॥

२/२५

प्रस्तुत पद्यमा प्रकृतिलाई सम्पन्नताको स्रोतका रूपमा अभिव्यक्त गरिएको छ । प्रकृति ईश्वरका रूपमा प्रस्तुत भएर चराचर जगत्मा वर्षा गर्दछिन् । मेघबाट निसृत जल अमृत समान जीवन दाता बनेको छ । सबै प्राणी आफ्नो सन्तती मान्ने प्रकृतिले कल्याणार्थ अमृत समान जल वर्षाएको छ । यस्तो अवस्था प्राप्त गर्नाले धर्तीका सबै जीवहरूमा नवीन ऊर्जा र आरोग्यता प्राप्त भएको छ । सुख, सौन्दर्य, बैभवता प्रकृतिको भण्डारमा अपार रूपले वृद्धि भएर गएको छ । यसरी प्रकृति सर्वगुण सम्पन्नताकी स्रोत हुन् भन्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ :

कतै छन् स्वर्गङ्गाजल रचित छाँगा र छहरा ।
कतै क्रीडावाणी, छरछर, कतै दीर्घ फुहरा ॥
कतै अग्ला ज्योतिमय मणिशिला शैल हँसिला ।
कतै राम्रा राम्रा कुसुमसित लताकुञ्ज रसिला ॥

१५/२८

प्रकृतिका दृश्य चित्रमा अनेकता छ । कतै स्वर्गका गङ्गाजल झैँ सेता झर्ना र छाँगा झरिरहेका छन् । कतै रङ्गमञ्चीय जलका कणहरू फुहरा बनेका छन् । हिमपहाड, वनस्पति उद्यान विशाल पर्वतहरू हिउँले भरिपूर्ण मनोरम ज्योतिका रूपमा स्थापित छन् । सम्म भूमिका फुल्ने सुगन्धित फूलहरूले रसिक आनन्द दिँदै मन व्यामोहित बनाएको छ । प्रकृतिका काखमा सम्पूर्ण वस्तुको अपार समायोजन पाइन्छ । लेखनाथले प्रकृतिमा रहेका अविनाशी तत्त्वका सूचकलाई सम्पन्नताको दृष्टिकोणद्वारा अभिव्यक्त गरेको पाइन्छ :

हिरा, मोती पन्ना प्रभृति भरिला रत्नहरूको ।
प्रमा मात्रै हाली कुसुमरसमा कल्पतरुको ॥
जमायेको जस्तो उस नगरको अद्‌भुत छवि ।
कलमद्वारा सारा लिन कसरि शक्ला कुन कवि ॥

१५/३०

प्राकृतिक दृश्यावलीमा अनेकता छ । कतै स्वर्गका गङ्गाजल झैँ सेता छाँगा झरिरहेका छन् । आद्य जननी प्रकृतिमा हिरा मोती पन्ना जस्ता अनमोल रत्नहरूको भण्डार छ । त्यस्तो चमत्कारपूर्ण उज्यालो र आनन्द प्रकृतिबाट नै प्राप्त हुन्छ । विश्वजगत्‌को संरचना र त्यसको कलाकारिता प्रकृतिबाटै प्राप्त भएको हो । यस्ता लौकिक अलौकिक वस्तुहरूबाट निर्मित शहर, भवनको सुन्दरता अकथनीय छ । मानव मात्रका निम्ति आवश्यक वस्तुको स्रोत प्रकृति हुन् र त्यस्ता अपार भण्डारको कथन कसले गर्न सक्ला भनिएको छ । यस पद्यमा प्रकृति सम्पन्नताकी द्योतक हुन् भन्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ :

मिही सेतो दन्तद्युति तुहिनको दर्शित गरी ।
सबै हाँसे खोली मुखमय दरी उन्नत गरी ॥
नदी, नाला, झर्ना सब मधुर खित्कामय थियो ।

तिनैले त्यो शोभा अझ डवल चर्को गरिदिये ॥

१८/११

पहाडका शिखरमा देखिने हिउँको सेतो आकृति मुखमण्डलका दाँत झैँ हर्षित रूपमा चम्केका छन् । लाग्छ प्रकृति रमणीय रूपमा मुख खोलेर हाँसेकी छन् । नदी, नाला, झर्ना र तालहरू पनि उन्मादता देखाउँदै माधुर्य छर्दछन् । सबैतिर प्रकृतिमा एकात्मक आनन्द छाएको छ । त्यस्तै प्रदानता प्रकृति सुखात्मक स्वरूपले युक्त भएकी र सम्पन्नताको प्रतीकको रूपमा रहेको पाइन्छ । नदी नाला र झर्नादेखि पहाडका शैल फाँट हिमालमा वर्षने हिउँ सबै कञ्चन प्रकाशमय भएर बसेका छन् । यस्तो दिव्यताको प्रस्तुतिमा लेखनाथले सम्पन्नताको सूचक प्रकृति हुन् भन्ने दृष्टिकोण अभिव्यक्त गरेको पाइन्छ ।

## ४.७निष्कर्ष

प्रकृतिलाई हेर्ने साहित्यकारहरूको दृष्टिकोण आ-आफ्नै किसिमको रहेको हुन्छ । परिष्कारवादी लेखनाथले **तरुण तपसी नव्यकाव्यमा** प्रकृति प्रतिको दृष्टिकोण व्यक्त गरेका छन् । संसारका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूमा समभाव दर्शाएका छन् । प्रकृतिमा रहेका जीवात्माको आफ्नै किसिमको पहिचान हुन्छ । प्रकृतिमा उत्पन्न जीवात्मामा पनि संवेदना रहेको हुन्छ । त्यस्ता वस्तुहरूको हिंसा गर्नु हुन्न संरक्षण र सम्बर्द्धन गर्नुपर्छ भन्ने दृष्टिकोण कविको रहेको पाइन्छ । प्रकृतिलाई मानवीय ज्ञाको स्रोत र दीक्षा दिने गुरुका रूपमा लिइएको छ । प्रकृतिका आँगनमा रहेका फूलको मुस्कुराहटबाट मानवले अनेकन शिक्षकहरूले दिने भन्दा बढी ज्ञान हासिल गर्न सकिने कुरा गरिएको छ ।

सुख शान्तिको वास स्थान प्रकृति रहेको र यसबाट मानवले आत्मिक सुख प्राप्त गर्न सक्छ भनिएको छ । सच्चा सुख प्रकृतिबाट मात्र प्राप्त हुने भाव व्यक्त गरिएको छ । अपार वस्तुको स्रोत र मानवको सत्त्व हितकारक वस्तु प्रकृति नै हो भनेर भनिएको छ । प्रकृतिमा फैलिएका लौकिक अलौकिक छटाहरूलाई बुझ्न र लिन सके त्यो नै ज्ञानको राशी हो भनिएको छ । सबैको आत्मा एकै हो सृष्टिकर्ता पनि एकै प्रकृति हो भन्ने भाव सहित मानवीयतालाई व्यक्त गरिएको पाइन्छ । भौतिक देह नाश भएर गए पनि आत्मा प्रकृतिमा अदृश्य रूपमा रहिरहन्छ भनिएको छ । सृष्टिकर्ता र संहारकर्ता ईश्वर हो । प्रकृति सबैकी जननी हुन् र प्रकृतिले दिने सामग्रीमा अपारता र अलौकिकता भरिएको छ । कहिल्यै

नसकिने त्यस्तो भण्डारको कथन सहित मानवीय मातृत्व, भगिनीत्त्व सहित सेवाभाव प्रस्तुत गरिएको छ । प्राकृतिक जीवनको सरलता र स्वरूपलाई लेखनाथ पौड्यालले **तरुण तपसी नव्यकाव्यमा** प्रकृति प्रतिको दृष्टिकोणमा व्यक्त गरेको पाइन्छ ।

## पाँचौं अध्याय

## शोध निष्कर्ष

### ५.१. सारांश

प्रस्तुत शोध कार्य पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा विषय परिचय, शोध समस्याकथन, शोध उद्देश्यको कथन, पूर्वकार्यको समीक्षा, शोध विधि, शोधको औचित्य, शोधको सीमाङ्कन, शोधपत्रको रूपरेखा आदिको परिचय दिइएको छ ।

प्रकृति चित्रणका विविध विधि र पद्धतिहरू रहेका छन् । प्रकृतिको वस्तुपरक तथा तन्मय चित्रण, प्रकृतिको मन्मय वा आत्मपरक चित्रण, प्रकृतिको मानवीकरण, प्रकृतिको इन्द्रिय संवेद्य चित्रण, प्रकृतिका विविध रसात्मक तथा अलङ्कारहरूको स्वरूपको चित्रण प्रकृतिको ईश्वरपरक, दर्शनपरक दृष्टिकोणमा आधारित भएर **तरुण तपसी नव्यकाव्यमा** प्रकृति चित्रण गरिएको छ ।

**तरुण तपसी नव्यकाव्यमा** प्रकृति चित्रणगत स्वरूप, पद्धति र दृष्टिकोण यस शोधको मुख्य समस्या हो । यसैका समाधानका लागि गरिएको यस अध्ययन विश्लेषणको निष्कर्ष यस प्रकार रहेको छ ।

## ५.२ निष्कर्ष

**तरुण तपसी नव्यकाव्यमा** प्रकृतिचित्रणको स्वरूपको उपयोगका बारेमा गरिएको अध्ययन विश्लेषणको निष्कर्ष निम्नअनुसार छ,

**तरुण तपसी नव्यकाव्य** वर्णमात्रिक छन्दमा रचिएको सूक्ष्माख्यानले युक्त संरचना हो । परिष्कारवादी कवि लेखनाथ पौड्यालले यस काव्यमा प्रकृति चित्रणको प्रयोग गरेका छन् । उनले **तरुण तपसीलाई**प्राकृतिक छटाहरूको प्रस्तुतिस्थल रङ्गमञ्च बनाएका छन् । प्रकृति चित्रणको विविधता यस नव्यकाव्यमा गरिएको पाइन्छ । प्रकृतिका कुनै पक्षको चित्रण गर्दा त्यसको वस्तुगत यथार्थ चित्रण नगरी त्यसप्रति आफ्ना मनोगत भाव वा धारणाको प्रस्तुति गरियो भने त्यो आत्मपरक प्रकृति चित्रण हुन्छ । प्रकृतिको जस्तो जो स्वरूप छ जस्तो देखिन्छ वा सुनिन्छ त्यही रूपको प्रस्तुति वस्तुपरक प्रकृति चित्रण हो । लेखनाथलेमनोमय प्रकृति चित्रण भन्दा पनि अधिक वस्तुपरक यथार्थ चित्रणमा जोड दिएका छन् । प्रकृतिका काखमा फल्ने र फुल्ने वनस्पति, रूख, साना साना पालुवा, झर्ना, नदी, तलाउ, नदी किनारा, सूर्य, चन्द्र, तारा, जूनकिरी जस्ता प्राकृतिक वस्तुहरूको प्रस्तुतिमा वस्तुपरकता झल्केको छ । रूखले झेल्ने मानवीय प्रताडता, चरीको करुण वेदना र चरीको रोदनमा सबैतिर प्रकृतिमा छाएको निराशामय अवस्थालाई वस्तुपरक चित्रण मार्फत प्रस्तुत गरिएको छ । प्रकृतिका अनेकन स्वरूपलाई साहित्यिक रसवादका स्वरूपबाट विवेचना गरिएको छ । पूर्वीय रसवादी मान्यताकै कसीबाट प्रकृतिका शृङ्गारिक, आजस्वी, शान्त, भयानक, उराठिलो, करुण, हास्य जस्ता स्वरूपको चित्रण यसमा गरिएको छ । प्रकृतिका शान्त र शृङ्गारिक स्वरूपको चित्रण अधिक प्रकृतिका भुवनोटलाई आलम्बन बनाइएको छ भने नदीकिनारा शान्त शीतल हावा, तारा, जूनकिरी जस्ता परिवर्तित प्राकृतिक सौन्दर्यलाई उद्दीपनका रूपमा चित्रण गरिएको छ । कुनै एकान्त स्थल हुँदै रम्य मनोहर जगत्को परिकल्पना सहित प्राकृतिक छटाको परिदृश्यको चित्रण यसमा गरिएको पाइन्छ । प्रकृति चित्रणका दृष्टिले यो काव्य महत्त्वपूर्ण रहेको छ र प्रकृति चित्रणको विविध स्वरूपको प्रयोग यस काव्यमा गरिएको पाइन्छ ।

**तरुण तपसी नव्यकाव्यमा** प्रकृतिप्रतिको दृष्टिकोणका बारेमा गरिएको अध्ययन विश्लेषणको निष्कर्ष यसरी प्रस्तुत गरिएको छ ।

परिष्कारपूर्ण काव्यकलाका सर्जक लेखनाथले **तरुण तपसी नव्यकाव्यमा** प्रकृति प्रतिको दृष्टिकोण व्यक्त गरेका छन् । प्रकृतिलाई अवलोकन गर्ने साहित्यकारहरूको दृष्टिकोण आ-आफ्नै किसिमको रहेको हुन्छ । लेखनाथले संसारका सम्पूर्ण प्राणी एवम् वनस्पतिहरूमा समभाव देखाएका छन् । प्रकृतिमा रहेका हरेक जीवात्माको आफ्नै किसिमको पहिचान रहेको छ । प्रकृतिमा प्राप्त जीवात्मामा पनि संवेदना रहेको हुन्छ । यिनीहरूको हिंसा गर्नु हुन्न संरक्षण र सम्बर्द्धन गर्नुपर्छ भन्ने दृष्टिकोण कविको रहेको पाइन्छ । प्रकृतिलाई अलौकिक मानवीय ज्ञानको दीक्षा दिने गुरूका रूपमा लिएको छ । प्रकृतिका आँगनमा फुलेका फूलको मुस्कानबाट फलेका फलहरूबाट मानवले हजारौं शिक्षकले प्रदान गर्न नसक्ने सुख प्राप्त हुने कुरा गरिएको छ । सुख शान्तिको वास स्थान प्रकृति रहेको र त्यसबाट मानवले आत्मिक तथा अलौकिक सुख प्राप्त गर्न सक्छ भनिएको छ । प्रकृति विश्वकी एक मात्र जननी हुन् सबै प्राणीका अन्तर हृदयमा एकै ईश्वरको वास हुन्छ भनिएको छ । सबै मानवीय सहजताको विषय भोगको एक मात्र स्रोत प्रकृतिलाई मानिएको छ । भोग, लालशा भण्डारण वृत्तिव्यवस्था र अनित्यको विषयमा नभुल्नु भन्ने सङ्केत गरिएको छ । यान्त्रिक सुख केवल नासवान् क्षणिक हो । प्रकृतिमा नित्य ईश्वरीय अलौकिक सुख सुविधा छ भनिएको छ । प्रकृतिले फलेर फुलेर हरभरा भएर मेघले जल वर्षा गरेर सूर्यले उज्यालो पस्केर चन्द्रमाले शीतल अमृत वर्षा गरेर सधैं प्राणी हित गरिरहेकै हुन्छन् भनिएको छ । प्रकृतिमा अपार सामग्रीको स्रोत छ जो कहिल्यै सकिँदैन त्यो सबैका निम्ति एक प्रकारको व्यवस्थाले युक्त छ भनिएको छ । आत्मा र परमात्माका बीचको निकटता दर्शाउँदै लेखनाथले साङ्ख्यदर्शनकै निकटताबाट विश्वब्रम्हाण्ड एउटै प्रकृति र पुरूषको रचना हो भनेका छन् । प्रकृतिमा देखिने विषमता तथा समानता यिनै त्रिगुणबाट उब्जेका हुन् भनिएको पाइन्छ । भौतिक देह नाशवान् छ यो सबै माटोमा मिल्ने र आत्मा प्रकृतिमा रहिरहने भाव व्यक्त गरिएको छ । प्राकृतिक जीवन नै आनन्ददायी हो । प्रकृतिमा नै वास्तविक शान्ति प्राप्त गर्न सकिन्छ । आदर्शमय आनन्दी जीवन शैली प्रकृतिमा पाइन्छ । प्रकृति सम्पूर्ण वस्तुको स्ोत हो सम्पन्नताले भरिपूर्ण सृजनाको स्रोतका रूपमा हेरिएको पाइन्छ । प्राकृतिक जीवनमा मानव मानव वीच समानता, भातृत्व, भगिनीत्व र सेवा भावको प्रस्तुति पाइन्छ । प्रकृतिले जीवनमा निरन्तरता दिए झैं मानवले त्यही गुण

अवलम्बन गर्नुपर्दछ भनिएको पाइन्छ । परापूर्व समयदेखि अद्यावधिक विषय भोग चाहना आदिको परिपूर्तिकर्ताका रूपमा प्रकृतिलाई लिएको दृष्टिकोण लेखनाथले प्रस्तुत गरेका छन् । **तरुण तपसी नव्यकाव्यमा** लेखनाथले प्रकृति प्रतिको विविध दृष्टिकोण व्यक्त गरिएको पाइन्छ ।

**तरुण तपसी नव्यकाव्यमा** प्रकृति चित्रणका पद्धतिका उपयोगका बारेमा गरिएको अध्ययन विश्लेषणको निष्कर्ष निम्नानुसार छ ।

लेखनाथ पौड्याल परिष्कारवादी कवि हुन् । उनका कविता, काव्यहरूमा प्रकृतिको प्रयोग अवस्यमेव भएको पाइन्छ । त्यसै अनुरूप उनको बृहत् आकारको काव्य **तरुण तपसी** हो । यसमा उनले प्रकृति चित्रणका पद्धतिहरूको उपयोग गरेका छन् । काँटछाँट पूर्ण शास्त्रीयतावादी कविका रूपमा स्थापित उनले स्रोताकवि र वक्ता तपसीका बीच पूर्वीय तत्त्वमसी पफरक चिन्तन प्रस्तुत गरेको पाइन्छ । सम्पूर्ण जगत्की  जननी प्रकृति मान्ने लेखनाथले प्रकृतिका सूक्ष्मा ती सूक्ष्म वस्तुहरूको बृहत् स्वरूपका चित्रणमा न्यायपूर्ण प्रस्तुति गरिएको पाइन्छ । प्रकृति हाँस्नु, रुनु, नाच्नु जस्ता पक्षलाई मानवीकरण गरी काव्यमा प्रस्तुत गरेका छन् । प्रकृतिलाई मानवकै संज्ञा दिएर रोदन, हाँसो, स्थीर, चञ्चलता क्षणिकता आदि पक्षको चित्रिणमा उनको काव्यिक चेतना झल्केको पाइन्छ । प्रकृतिको इन्द्रिय संवेद्य चित्रण अन्तर्गत दृश्य, गन्ध, स्वाद, ध्वनि स्पर्श जस्ता पद्धतिलाई महत्त्वपूर्ण रूपमा उपभोग गरिएको पाइन्छ । घामको उज्यालो, रातको चन्द्रमा र तारागणको देदिप्यमान दृश्य आँखाका निम्ति अवलोकनीय बनेको छ । वन जङ्गलमा फैलने वासना फूलहरूको पराग, फूलहरूको सुगन्ध जस्ता तत्त्वलाई नाकका निम्ति गन्धका रूपमा चित्रण  गरिएको पाइन्छ । त्यस्तै जिब्रोा निम्ति स्वाद, कानका निम्ति ध्वनि तथा छालका निम्ति  स्पर्श जन्य पद्धतिको उपयोगबाट काव्य अझ सबल र प्राकृतिक चित्रणको महत्त्वपूर्ण नमुना बनेको पाइन्छ । मानवलाई आत्मिक सुख दिने प्रकृति मानवको वेदनामासँगै रोएको समयको परिवर्तनसँगै प्रकृतिले झेल्नु पर्ने प्रताडना र प्रकृति विनासक हिंस्रक मनुजको पाशविक वृत्ति जस्ता अवस्थामा प्रकृति किंम कर्तव्यको अवस्थामा पुगेकी छिन् । मानवको एक मात्र सहारा प्रकृति हुन् भन्ने ध्येय राख्ने लेखनाथले प्रकृतिको सौन्दर्यलाई अलङ्कारपूर्ण  तथा विम्ब र प्रतीकको सटिक प्रयोगबाट चित्रण गरेका छन् । शब्दालङ्कारको समायोजनबाट उपमान र उपमेयको साधारणीकरण गरिएको छ । पूर्वीय अलङ्कारवादका निकटस्थ लेखनाथले यस विषयमा

आफ्नो चेतनालाई अधिक प्रयोग गरेको पाइन्छ । दृश्य विम्ब गन्ध विम्ब जस्ता अनेक प्राकृतिक विम्बको प्रचुरताबाट काव्य सन्देशवाहक बनेको छ । लक्ष्यार्थ र व्यङ्ग्यार्थको प्रयोगका निम्ति लेखनाथले प्रतीक योजनाको प्रयोग गरेको पाइन्छ । दार्शनिक चेतना मानवीय हितका निम्ति तथा विश्वबन्धुत्व झल्काउन उनले विभिन्न प्रतीकहरूको समायोजन गरेको पाइन्छ । यसरी प्रकृति चित्रणका यथोचित पद्धतिको उपयोगबाट काव्य उत्कृष्ट बनेको पाइन्छ । प्रकृति चित्रणको विविध पद्धतिको प्रयोग यस काव्यमा गरिएको पाइन्छ ।

**तरुण तपसी नव्यकाव्यमा** प्रकृतिप्रतिको दृष्टिकोणका बारेमा गरिएको अध्ययन विश्लेषणको निष्कर्ष निम्नानुसार छ,

परिष्कारपूर्ण काव्यकलाका सर्जक लेखनाथले **तरुण तपसी नव्यकाव्यमा** प्रकृति प्रतिको दृष्टिकोण व्यक्त गरेका छन् । प्रकृतिलाई अवलोकन गर्ने साहित्यकारहरूको दृष्टिकोण आ-आफ्नै किसिमको रहेको हुन्छ । लेखनाथले संसारका सम्पूर्ण प्राणी एवम् वनस्पतिहरूमा सम भाव देखाएका छन् । प्रकृतिमा रहेका हरेक जीवात्माको आफ्नै किसिमको पहिचान रहेको छ । प्रकृतिमा प्राप्त जीवात्मामा पनि संवेदना रहेको हुन्छ । यिनीहरूको हिंसा गर्नुहुन्न संरक्षण र सम्बर्द्धन गर्नुपर्छ भन्ने दृष्टिकोण कविको रहेको पाइन्छ । प्रकृतिलाई अलौकिक मानवीय ज्ञानको दीक्षा दिने गुरूका रूपमा लिएको पाइन्छ । प्रकृतिका आँगनमा रहेका फूलको मुस्कानबाट फलेका फलहरूबाट मानवले हजारौं शिक्षकले प्रदान गर्न नसक्ने ज्ञान  प्राप्त हुने कुरा गरिएको छ । सुख शान्तिको वासस्थान प्रकृति रहेको र यसबाट मानवले आत्मिक तथा अलौकिक सुख प्राप्त गर्न सक्छ भनिएको छ । प्रकृति विश्वकी एक मात्र जननी हुन् । सबै प्राणीका अन्तर हृदयमा एकै ईश्वरको वास हुन्छ भनिएको छ । सबै मानवीय सहजताको विषय भोगको एक मात्र स्रोत प्रकृतिलाई मानिएको छ । भोग लनलशा सञ्चयवृत्ति व्यर्थता र अनित्यको विषयमा नभुल्नु भन्ने सङ्केत गरिएको छ । यान्त्रिक सुख केवल भौतिक र क्षणिक हो । प्रकृतिमा नित्य ईश्वरयि अलौकिक सुख सुविधा छ भनिएको पाइन्छ । प्रकृतिले फुलेर र फलेर हराभरा भएर, मेघले जल वर्षाएर, सूर्यले उज्यालो पस्केर, चन्द्रमाले शीतल अमृत वर्षा गरेर सदैव प्राणी हित गरेकै हुन्छन् भनिएको छ । प्रकृतिमा अपार सामग्रीको स्रोत छ जो कहिल्यै सकिँदैन त्यो सबैका निम्ति एकै प्रकारको व्यवस्थाले युक्त छ भनिएको छ । आत्मा र परमात्माका बीचको निकटता

दर्शाउँदै लेखनाथले साङ्ख्य दर्शनकै निकटताबाट विश्वब्रम्हाण्ड एउटै प्रकृति र पुरूषको रचना हो भनेका छन् । प्रकृतिमा देखिने विषयमता तथा समानता यिनै त्रिगुणबाट उब्जेका हुन् भनिएको छ । भौतिक देह नाशवान छ यो सबै माटोमा मिल्ने र आत्मा प्रकृतिमा रहिरहने भाव व्यक्त गरिएको छ । प्राकृतिक जीवनमै आनन्ददायी हो । प्रकृतिमा नै वास्तविक शान्ति प्राप्त गर्न सकिन्छ । आदर्शमय सुखदायी जीवन शैली प्रकृतिमा पाइन्छ । प्रकृति सम्पूर्ण वस्तुको स्रोत हो सम्पन्नताले भरिपूर्ण सृजनाको स्रोतका रूपमा हेरिएको पाइन्छ । प्राकृतिक जीवनमा मानवता, समानता, भातृत्व, भगिनीत्व र सेवा भावको प्रस्तुत पाइन्छ । प्रकृतिले जीवनमा निरन्तरता दिए झैँ मानवले त्यही गुण अवलम्बन गर्नुपर्दछ भनिएको पाइन्छ । परापूर्व समयदेखि अद्यावधिक विषय भोग चाहना आदिको परिपूर्तिकर्ताका रूपमा प्रकृतिलाई लिएको दष्टिकोण लेखनाथले प्रस्तुत गरेका छन् । **तरुण तपसी नव्यकाव्यमा** लेखनाथले प्रकृति प्रतिको विविध दृष्टिकोण व्यक्त गरिएको पाइन्छ ।

## ५.३ मुख्य निष्कर्ष

**तरुण तपसी नव्यकाव्यमा** गरिएको प्रकृतिचित्रणको पद्धतिका केही मुख्य विशेषताहरू छन् । यस काव्यमा आलम्बन र उद्दीपनका रूपमा प्रकृतिका स्वरूपको मुख्यतः वस्तुपरक र अंशतः आत्मपरक चित्रण  गरिएको छ । प्रकृतिको पूर्वीय रसवादको कोणबाट हेर्दा यसमा प्रकृतिका शान्त, शृङ्गार परक रसगत विविध स्वरूपको चित्रण गरिएकोछ । यसमा प्रकृतिका भव्य र उदात्त सौन्दर्यको वर्णन सहज र सरल रूपमा गरिएको पाइन्छ ।

**तरुण तपसी नव्यकाव्यमा** प्रकृतिप्रतिको दृष्टिकोण अन्तर्गत प्रकृति र प्राणीका बीच समभाव, मानवीय ज्ञानदाताका रूपमा प्रकृति, सुख शान्ति शिक्षादीक्षाका रूपमा प्रकृति, ईश्वरका रूपमा प्रकृतिको दर्शन, सम्पन्नताका रूपमा प्रकृतिको स्रोत प्रकृति र आत्माका बीचको सहज सम्बन्ध आदि दृष्टिकोणहरू व्यक्त भएका छन् ।

**तरुण तपसी नव्यकाव्यमा** प्रकृतिचित्रणको पद्धतिसँग सम्बद्ध मुख्य बुँदाहरू यीहुन्, प्रकृतिको मानवीकरण, प्रकृतिको आलङ्कारिक वर्णन, विम्बको सघन प्रयोग, प्रतीकात्मक प्रस्तुतिद्वारा प्रकृतिका अदृश्य अर्थको प्रकाश, मानवीय इन्द्रिय संवेदनाका रूपमा प्रकृतिको

प्रस्तुति आदि छ । **तरुण तपसी नव्यकाव्यमा** प्रकृतिचित्रणका पद्धतिको उपयोग महत्त्वपूर्ण रूपमा भएको पाइन्छ ।

## सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव (२०६४),**आधुनिक नेपाली महाकाव्यको विमर्श,**काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद (२०६५),**तरुण तपसीको पुनर्मूल्याङ्कन,**(तेस्रो संस्करण), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७),**साहित्य प्रकाश** (सातौँ संस्करण), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, गोविन्दशरण (२०६६),**आर्यदर्शन** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कुँवर, उत्तम (२०२३), **स्रष्टा र साहित्य** काठमाडौँ : उत्तम कुँवर स्मारक पुरस्कार गुठी ।

त्रिपाठी, वासुदेव (२०२७),**नेपाली कविताको सिंहावलोकन** ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३४),**लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन** काठमाडौँ पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०६६),**पन्ध्रतारा र नेपाली साहित्य** (एघारौँ संस्करण), ललितपुर : साझा प्रकाशन ।

पौड्याल, लेखनाथ (२०६२),**तरुण तपसी** (बाह्रौँ संस्करण), ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६४),**सिर्जनाको सेरोफेरो** (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन ।

भट्टराय, चुडानाथ (२०२५), 'तरूण तपसी मीमांसा',**साझा समालोचना** (सम्पा.), कृष्णचन्द्रसिंह प्रधान ललितपुर : साझा प्रकाशन ।

रिसाल, राममणि (२०६९),**नेपाली काव्य र कवि** (छैटौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०७०),**नेपाली साहित्यको इतिहास** (पाँचौँ संस्करण), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।